
# राजस्व सुधार कार्ययोजना

# २०७९/८०–२०८१/८२




# बागचौर नगरपालिका

## सल्यान

## २०७९

**कर्णाली प्रदेश सरकार**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**

# प्रदेश सुशासन केन्द्र

**वीरेन्द्रनगर, सुर्खेत, नेपाल**

---

## आभार

नेपालमा सङ्घीय शासन व्यवस्थाको अभ्याससँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार स्थापना र सञ्चालन भएका छन् । नेपालको संविधानले तीनै तहको सरकारको भुमिका, जिम्मेवारी र अधिकार सुनिश्चित गरेको छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहले आम नागरिकका आधारभुत आवश्यकता परिपूर्तिदेखि स्थानीय पूर्वाधार निर्माण, रोजगारी श्रृजना, आयआर्जन र जीविकोपार्जन तथा उन्नत सेवा प्रवाह मार्फत जनताको अपेक्षा/आकांक्षा पूरा गर्नु पर्नेछ ।

यसका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड र अनुदान मात्र पर्याप्त हुने देखिदैन । सीमित श्रोत साधनको कुशल परिचालन र आन्तरिक आय बढाउनु पर्ने, आत्मनिर्भर, सबल र सुदृढ बन्न अग्रसर हुनुपर्ने छ ।

आफ्नो राजस्व (आय) क्षमताको आँकलन र प्रभावकारी प्राप्ती तथा उपयोगको लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नु भएकोमा बधाई तथा शुभकामना ।

दाताकोष समेतको परिचालनबाट नेपाल सरकारले आफ्नो विशेष कार्यक्रमको रुपमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । मुलतः सङ्घीयता कार्यान्वयनसँगै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास, संस्थागत सुदृढीकरणका औजारको प्रयोग र आवश्यक कानुनी तथा योजनाका दस्तावेज तयारी मार्फत संस्थागत सुधार, सवलीकरण र सेवा प्रवाहमा उन्नत सहयोग गर्ने यस कार्यक्रमको रणनीति रहेको छ । तहाँ नगरपालिकाको प्रस्तुत राजस्व सुधार कार्ययोजना तयारीमा सहकार्य गर्न पाउँदा खुशी लागेको छ । प्रस्तुत योजना तयारी कार्यमा खटिने परामर्शदाता, गुणस्तर परीक्षण र पृष्ठपोषण दिने राजस्व समितिलाई राजस्व सुधार कार्ययोजनालाई परिष्कृत एवम् गुणस्तरीय बनाउन सहयोग पुर्‍याउनु भएकोमा आभारी छु ।

राजस्व सुधार कार्ययोजनाले तहाँ स्थानीय तहको राजस्व क्षमताको उजागर र कुशल प्राप्तिमा योगदान गर्नेछ । प्रस्तुत योजनाको प्रभावकारी कार्यान्वयनमा सक्रिय र आन्तरिक आय वृद्धिमा सफल हुनुहुने छ भन्ने विश्वास लिएको छु । शुभकामना ।

केशव प्रसाद उपाध्याय

कार्यकारी निर्देशक

प्रदेश सुशासन केन्द्र

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

# कृतज्ञता ज्ञापन

नागरिकका असिम आकांक्षालाई मध्यनजर गर्दै स्थानीय तहको विकासलाई तीव्रतर किसिमले अघि बढाउन सबैभन्दा धेरै आवश्यक पर्ने र प्रायः सधैं अपुग हुने विषय भनेको स्रोत अर्थात् राजस्व नै हो । स्थानीय तह आफैंले पर्याप्त राजस्व सङ्कलन गर्न सकेको खण्डमा स्थानीय तह आत्मनिर्भर हुन जानेछ र स्थानीय तह आत्मनिर्भर हुँदै जाँदा यसले सङ्घीयताको दीगोपन समेत टेवा पुऱ्याउने छ । नेपालको राज्य व्यवस्था सङ्घीय स्वरुपमा रुपान्तरण भई स्थानीय तह गठन भएको पाँच वर्ष पुग्दै गर्दा राजस्व सुधार कार्ययोजना तर्जुमा हुनु प्राथमिकतापूर्ण कार्य भएको छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ (ख) ले राजस्व परामर्श समितिको काम, कर्तव्य अधिकार अन्तर्गत राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ । यस्तै सोही ऐनको दफा ६६ उपदफा (क) ले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य, अधिकार अन्तर्गत आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्ने उल्लेख गरेको छ ।

स्थानीय तहको राजस्वको वर्तमान अवस्था, कानुनी रुपमा अख्तियार प्राप्त राजस्वका क्षेत्रहरु तथा स्थानीय तहको अवस्था अध्ययन गरी यस राजस्व सुधार कार्ययोजनाले आगामी तीन वर्षको राजस्वको प्रक्षेण समेत गरेको छ । अख्तियार प्राप्त कतिपय क्षेत्रहरुमा राजस्व सङ्कलन गर्न नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा यस कार्ययोजनाले न्यायपूर्ण तरिकाले र नागरिकको मन जितेर सम्बन्धित सबै क्षेत्रमा करका दर, दायरा र क्षेत्र बिस्तार गरी समग्र आन्तरिक राजस्वको आकार वृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौ ।

यस महत्वपूर्ण कार्यमा आर्थिक सहयोग प्रदान गर्नु भएकोमा प्रदेश सुशासन केन्द्र कर्णालीलाई तथा स्थानीय तहको राजस्वको अध्ययन गरी यस महत्वपूर्ण दस्तावेज तयार गर्ने काममा कार्यमा खटिनु हुने सम्पूर्ण विज्ञहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै, यो दस्तावेज तयार गर्न सूचना र अन्य सहयोग प्रदान गर्ने स्थानीय तहका सबै कर्मचारी तथा पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

**क्युव-पाथवे-भूगोल जेभी**

# विषय सूची


परिच्छेद एक: परिचय १

१.१ पृष्ठभूमि १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनाका उद्देश्यह□ ३

१.४ अपेक्षित परिणाम ४

१.५ राजस्व सुधार कार्ययोजना तयारीको अवधारणा ४

१.६ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ६

१.७ कार्ययोजनाका सिमाह□: ९

परिच्छेद दुई: नगरपालिकाको संक्षिप्त परिचय ११

२.१ नगरपालिकाको संक्षिप्त परिचय ११

२.२ नगरपालिकाको मानव संसाधनको अवस्था १५

२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था: १६

परिच्छेद तीन: नगरपालिकाको राजस्व अधिकार अवस्था तथा आय सम्भाव्यता १८

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १८

३.१.१ सम्वैधानिक व्यवस्था १८

३.१.२ कानुनी व्यवस्था: १९

३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २३

३.३ आन्तरिक राजस्व स□लनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २५

३.३.१ कर राजस्व २६

३.३.२ गैरकर राजस्व ३५

परिच्छेद चार: आय स□लनको संस्थागत क्षमता र स□लन अवस्था ४२

४.१ राजस्व परिचालन सम्बन्धी नीति ४२

४.२ राजस्व परिचालन सम्बन्धी संस्थागत क्षमता ४५

४.३ नगरपालिकाको आन्तरिक आय परिचालन: ४७

४.४ राजस्व परिचालनमा रहेका सबालह□ ४९

परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना ५१

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ५१

५.१.१ राजस्व सुधार कार्ययोजना ५३

परिच्छेद छ: आगामी तीन वर्षको आय प्रक्षेपण ६१

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ६१

| | | |
|---|---|---|
| | ६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण | ६३ |
| परिच्छेद सात: अपेक्षित नतिजा | | ६७ |
| परिच्छेद आठ: अनुगमन तथा मूल्या□्कन | | ६८ |
| अनुसूचीह□ | | ७० |
| | अनुसूची १: सन्दर्भ सामग्रीह□को सूची | ७१ |
| | अनुसूची २: अभिमूखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र | ७४ |
| | अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सुची तथा कार्य सम्पन्न पत्र | ७५ |
| | अनुसूची ४: कार्यक्रमको फोटोहरु | ७८ |

## तालिकाहरूको सूची


तालिका १: जनसांख्यिक विवरण १३
तालिका २: मानव संशाधन तालिका १६
तालिका ३: तहगत राजस्व अधिकार १८
तालिका ४: एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बिच बाँडफाँड व्यवस्था २०
तालिका ५: नगरपालिकामा आयका शीर्षक र संभावनाहरु २४
तालिका ६: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २७
तालिका ७: सम्भाव्य मालपोत करदाता तथा सम्पत्ति कर २८
तालिका ८: घरजग्गा बहाल करको सम्भाव्यता विवरण ३०
तालिका ९: व्यवसाय करको सम्भाव्यता विवरण ३१
तालिका १०: विज्ञापन करको सम्भाव्यता विवरण ३३
तालिका ११: घर जग्गा रजिष्ट्रेशन दस्तुरको सम्भाव्यता विवरण ३४
तालिका १२: प्रदूषण शुल्क सङ्कलनको अवस्था ३५
तालिका १३: नक्सा पास दस्तुरको सम्भाव्यता विवरण ३७
तालिका १४: व्यवसाय दर्ता/नविकरण शुल्क सम्भाव्यता विवरण ३८
तालिका १५: सिफारिश तथा प्रमाणीत दस्तुर सम्भाव्यता विवरण ३९
तालिका १६: राजस्व परामर्श समिति ४६
तालिका १७: आन्तरिक आय सङ्कलनको अवस्था ४७
तालिका १८: राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति ५१
तालिका १९: राजस्व सुधार कार्ययोजना ५४
तालिका २०: आगामी आ.व.हरुका लागि राजस्व प्रक्षेपणका आधारहरु ६१
तालिका २१: चालु आ.व.को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण ६४
तालिका २२: नगरपालिकाको अपेक्षित आय संक्षेपमा ६७
तालिका २३: अनुगमन तालिका ६९


## चित्र सूची


चित्र १: राजस्व सुधार कार्ययोजना तयारीको वैचारिक अवधारणा ५
चित्र २: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरु ६
चित्र ३: बागचौर नगरपालिकाको अवस्थिति १२
चित्र ४: राजस्व चक्र ६८

# परिच्छेद एक: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारहरूको सङ्घीय संरचनालाई अवलम्बन गरेको छ । संविधानले स्थानीय तहहरूमा कुशल र प्रभावकारी सेवाहरू प्रदान गर्न सबल स्थानीय तहहरूको परिकल्पना गरेको छ । यसै बमोजिम स्थानीय तहलाई संविधानद्वारा प्रदान गरिएको कार्य जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्थाका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ। सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्ता अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबिच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रूपमै प्रदान गरिएको छ। नेपालको संविधान ( भाग १९, अनुसूचि- ८) मा आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरुप स्थानीय तहहरूले राजस्व अधिकारको प्रयोग गरी कर तथा गैरकर सङ्कलनका आधारभूत मान्यता अनुरूप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन्। अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानुन बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ। त्यसैगरी स्थानीय तह सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहलाई विभिन्न किसिमका राजस्वको स्रोत, सम्भाव्य राजस्वको पहिचान, सङ्कलन, राजस्व बाँडफाँडको अधिकारको प्रत्यायोजन गरेको छ । खासगरी स्थानीय तहको उद्देश्य भनेको स्थानीय तहलाई वित्तीय रूपमा सबल बनाउने, स्थानीय तहको खर्च व्यवस्थापन गर्ने र स्थानीय तहमा सुशासनको प्रत्याभूति गराउने पनि हो ।

स्थानीय तहहरूले आफूलाई तोकेको कार्य र जिम्मेवारी पूरा गर्नको लागि वित्तीय दृष्टिले सक्षम हुनु पर्दछ । वर्तमान अवस्थासम्म अधिकांश स्थानीय तहहरू सङ्घ र प्रदेशबाट प्रदान गरिएको बाह्य स्रोतमा निर्भर रहेको देखिन्छ । स्थानीय तहहरूलाई स्थानीय राजस्व उठाउने अधिकार प्रत्यायोजन गरिएको छ तापनि उनीहरू करको सम्भाव्यता पहिचान गर्न, कर सम्बन्धी डाटावेस बनाउन र कर प्रशासनलाई नियमन गर्न कमजोर देखिन्छन् ।

संविधान र कानुनबाट प्राप्त अधिकारलाई उपयोग गर्ने क्रममा स्थानीय तहहरू प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक स्रोत र राजस्व परिचालनमा लामो समय उदासीन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय तहको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन । यसबाट छुट्कारा पाउनको लागि स्थानीय तहहरूको आन्तरिक राजस्व परिचालन

क्षमतामा कानुनसम्मत ढङ्गले वृद्धि गर्नुपर्ने अपरिहार्य आवश्यकता रहन्छ। उल्लिखित कार्य गर्नको लागि स्थानीय तहहरूसँग राजस्व सुधार कार्य योजनाको खाँचो देखिन्छ।

यही खाँचोलाई पूरा गर्नको लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा राष्ट्रव्यापी रूपमा सञ्चालित राजस्व सुधार कार्ययोजना सम्बन्धी कार्यक्रमले प्रदेश तथा स्थानीय शासन पद्धतिलाई दिगो, समावेशी र जवाफदेही बनाउने लक्ष्य लिएको छ। यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने गतिविधिहरू प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास गर्नेतिर लक्षित रहेका छन् । साथै, प्रदेश तथा स्थानीय तहहरूको संस्थागत क्षमता अभिवृद्धिमा पनि यस कार्यक्रमले सहयोग पुर्‍याउने प्रावधान रहेको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बिच सम्झौता भई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा रहेको छ। यसै सन्दर्भमा गाउँपालिका तथा नगरपालिकाहरूको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न प्रदेश सुशासन केन्द्र, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको वित्तीय र प्राविधिक सहयोगमा क्युव-पाथवे-भुगोल जेभिले बागचौर नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार गर्ने कार्य अगाडि बढाईएको छ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

नेपालको संविधानले नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था गरेको छ। देशमा सङ्घीयता आएपछि पहिले केन्द्रले दिने रकम तथा बजेटमा मात्र आश्रित स्थानीय तहहरूलाई पनि आफैंले राजस्व सङ्कलन गर्न सक्ने अधिकार प्रत्याभूत गरिएको छ। त्यसैले स्थानीय तहलाई सङ्घ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व विनियोजन बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ। साथै स्थानीय तहले अन्य स्वदेशी सङ्घसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिश गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई व्यवस्थापन गरिनुका साथै स्थानीय तहले कर लगाउँदा वैज्ञानिक करका आधारभूत मान्यताहरूका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना गर्न र कर लगाँउदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय तहको आन्तरिक राजस्व सुधार कार्य योजनाको निर्माण अपरिहार्य छ।

संवैधानिक अधिकारभित्र रही स्थानीय तह सञ्चालन ऐन (२०७४) ले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई व्यवस्थित तरिकाले कार्यान्वयन गर्न सक्ने क्षमता सबैमा विकास भइसकेको छैन । यसको पछाडि अनेक कारणहरू हुनसक्छन् जस्तै सङ्घीय संरचनाको अभ्यास नयाँ हुनु, आयका स्रोतहरूको पहिचान गर्नसक्ने खालको दक्ष जनशक्ति अधिकांश स्थानीय तहहरूमा नहुनु, स्थानीय तहहरूसँग रहेका सम्भाव्य स्रोतहरूका बारेमा तथ्याङ्क नहुनु, राजस्व सङ्कलन र त्यसको बाँडफाँड बारेमा जनतालाई बुझाउन नसक्नु, स्थानीय तहमा राजस्वको दायरा वृद्धि गर्ने सम्बन्धमा स्थानीय तहको नेतृत्वको इच्छाशक्ति कम हुनु आदि ।

राजस्व परिचालन प्रक्रियामा सुधारका लागि सहभागितामूलक पद्धति अवलम्बन गरी आन्तरिक आयको सम्भाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यसबाट राजस्व परिचालनको सम्बन्धमा नगरपालिकाका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवाला पक्षको क्षमता विकास हुनुका साथै नगरपालिकाको आन्तरिक आयको सम्भाव्यता अध्ययन भई समस्या तथा संभावनाहरूको पहिचान हुनेछ । यस कार्यको मुख्य उपलब्धीका रूपमा बागचौर नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपणलाई मार्गदर्शन गर्ने आधार दस्तावेज तयार भएको हुनेछ ।

## १.३ राजस्व सुधार कार्ययोजनाका उद्देश्यहरू

यस कार्यक्रमको समग्र उद्देश्य स्थानीय तहहरूको आन्तरिक आय तथा राजस्वको विद्यमान अवस्था विश्लेषण गर्नु र व्यवहारिक तथा प्रभावकारी राजस्व प्रणालीको विकास गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका सहायक उद्देश्यहरू निर्धारण गरिएको छ :

- स्थानीय तहका जनप्रतिनिधीहरू तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- स्थानीय तहमा शीर्षकगत रूपमा सम्भावित कर/गैर करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- स्थानीय तहमा राजस्वका विभिन्न स्रोतहरूको लेखाजोखा (यथार्थ असुली सहित) गर्ने र वृद्धिका सम्भावनाहरू पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक संरचना सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्य कुशलताको विश्लेषण गर्ने ।
- स्थानीय तहका आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्य योजना तयार गर्ने ।
- राजस्व सुधारका नयाँ सम्भावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने भावी रणनीति सहित आगामी ३ आर्थिक वर्षका लागि कार्य योजना (२०७९/०८०-२०८१/०८२) सहित राजस्व सुधार कार्ययोजना तयार गर्ने ।

- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा गर्नुपर्ने सुधारका लागि सुझाव सहित नमुना तयार गर्ने ।


## १.४ अपेक्षित परिणाम

स्थानीय तहहरूलाई वित्तीय रूपमा सबल बनाउने र खर्च व्यवस्थापन गर्न सक्षम बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन राजस्व सुधार कार्ययोजना निर्माण गर्नु मुख्य अपेक्षित परिणाम हुनेछ साथै यस कार्ययोजना मार्फत तल उल्लिखित कुराहरू प्राप्त हुनेछन् :

- सम्बन्धित स्थानीय तहहरूका जनप्रतिनिधीहरू, कर्मचारी सबैले राजस्व सुधार सम्बन्धी अभिमुखीकरण प्राप्त गरी आन्तरिक आय तथा कर सम्बन्धी विषयमा आवश्यक जानकारी हाँसिल गरेका हुनेछन् ।
- सहभागितामूलक विधिद्वारा तोकिएका स्थानीय तहको सूचना र तथ्याङ्कमा आधारित कार्यान्वयन योग्य राजस्व सुधार कार्ययोजना तयार भएको हुनेछ ।
- आन्तरिक आयका नयाँ सम्भावनाहरूको पहिचान भई सो समेत समावेश भएको राजस्व सुधार योजनाको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा वृद्धि भएको हुनेछ ।
- नमुना आर्थिक ऐन आगामी आर्थिक वर्षबाट यथार्थतामा कार्यान्वयनमा आएको हुनेछ ।

## १.५ राजस्व सुधार कार्ययोजना तयारीको अवधारणा


सङ्घीय वित्त व्यवस्थाको मान्यता अनुसार स्थानीय तहहरूलाई राजस्वका स्रोतहरू कर तथा गैरकरहरू पहिचान गरी ती करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार संवैधानिक रुपमै प्रदान गरिएको छ । सोही अधिकार अनुसार स्थानीय तहहरूले भूमि कर र मालपोत, सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर जस्ता प्रत्यक्ष करहरू लगाउन र उठाउन पाउँछन् भने भन्सार महसुल, वस्तु तथा सेवाको उपयोग गरे वापत लिईने करहरू अप्रत्यक्ष करका रुपमा लगाउन र उठाउन पाउँछन् । त्यस्तै गरेर, स्थानीय तहले दण्ड जरिवाना, वन पैदावार बिक्री वापत उठाउने आय, नक्सा पास दस्तुर, खानेपानी, विद्युत महसुल, राहदानी तथा भिसा शुल्क जस्ता गैर कर राजस्व पनि लगाउन र उठाउन पाउँछन् । कुनै पनि स्थानीय तहहरूमा राजस्वका स्रोतहरूको दायरा कति फराक छ भन्ने कुरालाई उक्त स्थानीय तहभित्र रहेका भौतिक तथा मानवीय संसाधनको अवस्था एवम् त्यसको वृद्धिका लागि आवश्यक के कस्ता संस्थागत र नीतिगत व्यवस्थाहरू छन्, त्यसले धेरै हदसम्म निर्धारण गर्दछन् । यसरी राजस्वका स्रोतहरू, संसाधनको अवस्था र संस्थागत र नीतिगत व्यवस्थाको स्थितिले सम्बन्धित स्थानीय तहको राजस्वको वर्तमान स्थितिलाई निर्धारण गदर्छन् । यही वर्तमान स्थितिलाई विश्लेषण गरी व्यवहारिक र कार्यान्वयन हुन सक्ने राजस्व सुधार कार्ययोजना बनाइन्छ र यही कार्य योजनाको आधारमा आगामी तीन वर्षको लागि राजस्व प्रक्षेपण गरिन्छ । (चित्र नं. १)




चित्र १: राजस्व सधार कार्ययोजना तयारीको वैचारिक अवधारणा

## १.६ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका विधि चरणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ (चित्र नं.: २) ।




चित्र २: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू

**पहिलो चरण: सन्दर्भ सामाग्री सङ्कलन तथा समीक्षा**

राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरुको सङ्कलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू सङ्कलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा कर्णाली प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

**दोस्रो चरणः अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला**

स्थानिय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरु र राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७९/०१/१६ मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसुची २ मा दिईएको छ ।

**तेस्रो चरणः तथ्याङ्क/सूचना सङ्कलन**

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्याङ्कहरु समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व सम्बन्धी कानुनहरु, प्रगति विवरणहरु, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरुबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यस बाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरुको संगठन, होटल व्यवसायीहरुको संगठन आदि पेशागत एवम् व्यवसायीक संस्थाहरु लगायतका सरोकारवाला पक्षहरुसंगको छलफलबाट पनि  आवश्यक सूचना तथा तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरु सङ्कलन गरिएको थियो:

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- कम्तिमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरु, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरु/तथ्याङ्कहरु नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरिसकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरुले खोजे अनुसार

तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार सङ्कलन गरिएको थियो ।

**चौथो चरणः सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एवम् राजस्व प्रक्षेपण**

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिएको छ। सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ। राजस्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले यस स्थानिय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय सङ्कलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरि गरिएको छ ।

$$CAGR = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR =औसत वार्षिक बृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को **अनुसूची** ४ अनुसार गरिएको छ।

**पाँचौं चरणः मस्यौदा कार्ययोजना तयारी**

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ। लेखन कार्य  राजस्व सम्बन्धी विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो । भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरुबाट परिक्षण गराइएको थियो ।

**छैठौं चरण: मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव सङ्कलन**

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानिय तहका सम्बन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

**सातौ चरण: अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण**

मस्यौदा प्रतिवेदन माथि प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिएको थियो । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बिचमा मिति २०७९/०३/१० गते यस नगरपालिकाका नगर प्रमुख श्री जनकराज गौतम ज्यूको अध्यक्षतामा बसेको अन्तिम प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा प्राप्त भएका सुझाव तथा पृष्ठपोषणको यथोचित सम्बोधन गरि प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । उक्त कार्यक्रममा सहभागीहरुको सुची अनुसुची ३ मा प्रस्तुत गरिएको छ ।

**आठौं चरण: अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती**

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.७ कार्ययोजनाका सिमाहरू:

नगरपालिकाको प्रस्तुत राजस्व सुधार कार्ययोजना देहाय अनुसारका सीमामा रही तयार गरिएको छ ।

१. प्रस्तुत अध्ययन तथा विश्लेषण कार्यपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, नगरपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको छ ।

२. सङ्घ तथा प्रदेश सरकारबाट नगरपालिकाले प्राप्त गर्ने राजस्व बाँडफाँड र समानीकरण अनुदानको रकम प्रक्षेपण वर्तमान अभिलेखलाई आधारमानी वार्षिक वृद्धि हुने अनुमानको आधार तथा नगरपालिकाबाट प्राप्त हुने राजस्वमा केन्द्रित रही कार्ययोजना तर्जुमा गरिएको छ ।

३. राजस्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवम् प्रमाणिक तथ्याङ्क नभएको अवस्थामा सहभागीहरूसँगको छलफलबाट सम्पुष्टि गरिएको थियो ।

४. नगरपालिकाको गठन भएको ५ वर्ष पूरा नभएको र अभिलेख व्यवस्थित भैनसकेकोले विगत र वर्तमानको प्रवृत्ति स्पष्ट देखिने तथ्याङ्कीय विश्लेषणका लागि आवश्यक तथ्याङ्क तथा सूचनाको अभावमा तथ्याङ्कीय औजारको प्रयोग गरी विश्लेषण तथा प्रक्षेपण गर्न सकिएको छैन ।


# परिच्छेद दुई: नगरपालिकाको संक्षिप्त परिचय

राजस्वको सम्भाव्यता पहिचान, परिचालन र व्यवस्थापनका लागि नगरपालिकाको वस्तुस्थिति, आर्थिक क्रियाकलाप, मानवीय तथा भौतिक स्रोत साधनहरूको महत्वपूर्ण भूमिका रहन्छ । यस परिच्छेदमा नगरपालिकाको संक्षिप्त परिचय, मानव संसाधनको अवस्था र नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ ।

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

बागचौर नगरपालिका स्थानीय तहको पुनर्संरचनापछि स्थापना भएको सल्यान जिल्लाको एक महत्वपूर्ण नगरपालिका हो । नेपालको संविधानको कार्यान्वयनको क्रममा स्थानीयतहको गठन आदेश बमोजिम मिति २०७२ आश्विन १ गते यस पालिकाको गठन भएको हो। घरधुरी सर्वेक्षणको आधारमा तयार पारिएको नगरपालिकाको वस्तुस्थिति विवरण विभिन्न प्रतिवेदनहरू, वेभसाइट, र अन्य स्रोतबाट प्राप्त सूचनाका आधारमा यस बागचौर नगरपालिकाको संक्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ ।

**अवस्थिति:** सल्यान जिल्लाको पूर्वि भागमा रहेको यस नगरपालिकामा साविकका ६ गा.वि.स.हरू समावेश भै गठन भएको हो। यसको क्षेत्रफल १६३.१४ वर्ग कि.मि. रहेको छ। यस नगरपालिकाका पूर्वमा रोल्पा जिल्लासँग जोडिएको छ भने उत्तरमा पश्चिम रुकुम, दक्षिणमा छत्रेश्वरि गाउँपालिका र पश्चिममा शिद्धकुमाख गाउँपालिका रहेको छ ।




चित्र ३: बागचौर नगरपालिकाको अवस्थिति

**भुबनोट र प्राकृतिक स्रोतहरू:**

यस नगरपालिका समुद्री सतहबाट ११०० मिटरदेखि २२०० मिटरसम्मको उचाईमा अवस्थित छ । यस नगरपालिकाको कुल १६३.१४ वर्ग कि.मि. क्षेत्रफल मध्ये ५१.८८% क्षेत्र वन, ०.५८% घाँसे मैदान ३७.२७% कृषियोग्य जमीन र ९.२३% अन्यले ढाकिएको छ । यहाँको जङ्गलमा अमला, काउलो, टिमुर, तेजपात, खोटोजस्ता वनपैदावार पाइन्छन् । यहाँ पाखनभेद, काउलो, अमला जस्ता औषधीजन्य जडीवुटीहरू समेत उत्पादन हुन्छ ।

यस नगरपालिकामा सारदा, लाटिगार, चोर, सिम, घुस, पोखरी, थाराचौर जस्ता खोलानाला रहेका छन् । यहाँको उच्च पहाडी क्षेत्रमा पर्यटन व्यवसाय, पशुपालन तथा जडीवुटीजन्य उद्योग र तल्लो भेगमा कृषि, वन पैदावारको प्रचुर सम्भावना रहेको छ ।

**जनसङ्ख्या:** यस नगरपालिकाको घरधुरी सर्वेक्षण २०७६ अनुसार कुल जनसङ्ख्या ३६४३२ र घरपरिवार ६९७९ रहेको छ । कुल जनसङ्ख्या ३६४३२ मध्ये क्षेत्री ७५.०७%, कामि १०% मगर ५.०२%, ब्रहमण ३.१७% जातजातिका मानिसहरू रहेका छन् ।

तालिका १: जनसाङ्ख्यिक विवरण

| वडा नं. | पुरुष | महिला | जम्मा | घरपरिवार संख्या |
|---|---|---|---|---|
| १ | १५९३ | १३६८ | २९६१ | ५३५ |
| २ | २०२१ | २२८३ | ४१०४ | ९१० |
| ३ | १३०८ | ११६२ | २४७० | ४८९ |
| ४ | १६८० | १५८४ | ३२६४ | ५३९ |
| ५ | १२९१ | १८७३ | ३१६४ | ५१९ |
| ६ | १५१६ | १५२० | ३०३६ | ५७७ |
| ७ | २०५६ | २१५३ | ४२०९ | ७३८ |
| ८ | १३७६ | १३२२ | २६९८ | ४९५ |
| ९ | १६०७ | १४९९ | ३१०६ | ५८१ |
| १० | १२८४ | १२४८ | २५३२ | ५०४ |
| ११ | १०४२ | १०११ | २०५३ | ४०८ |
| १२ | १३११ | १३२४ | २६३५ | ५११ |
| **जम्मा** | **१८०८५** | **१८३४७** | **३६४३२** | **६७९७** |

स्रोतः नगरपालिकाको घरधुरी सर्वेक्षण २०७६

**पेसागत विवरणः** यस नगरपालिकाको बासिन्दाहरूको मुख्य पेसा कृषि हो । यहाँका ३१.४% मानिसहरू कृषिमा संलग्न रहेका छन् । यसैगरी दैनिक ज्यालादारीमा २.७३.%, ०.९% नोकरीमा, व्यापारमा ३.४१%, १.९७% मानिसहरू वैदेशिक रोजगारीमा संलग्न रहेका छन् । यस नगरपालिकामा धान, मकै, गहुँ जस्ता प्रमुख खाद्यान्नवाली मास, सिमि, गहत, मुसुरो जस्ता दलहन अदुवा, प्याज, लसुन जस्ता नगदेबालीहरू उत्पादन हुन्छ । यहाँ ६३% भन्दा बढी निर्वाहमूखी कृषि उत्पादन हुने गरेको छ ।

**पशुपालनः** यस नगरपालिकाको ३१.४% मानिसहरू पशुपालन व्यवसायमा संलग्न रहेका छन् । यहाँ खासगरी बाख्रा, भेडा, गाई, कुखुरा, मौरी, कुखुरा लगायतका घरपालुवा पशुपन्छीहरू पालिने गरिन्छ ।

**पर्यटनः** यहाँ सुन्दर तथा मनोरम प्राकृतिक दृश्य, विशिष्ट साँस्कृतिक तथा जैविक विविधता, उच्च पहाडी भेगमा रहेका ताल तथा पोखरीहरू, छहराहरू जस्ता प्राकृतिक सम्पदाहरूको कारण आन्तरिक तथा वाह्य पर्यटकहरूलाई आकर्षण गरी दिगो पर्यटन व्यवसायको प्रचुर सम्भावना रहेको छ । यस नगरपालिकामा रहेका अन्य केही महत्वपूर्ण प्राकृतिक सम्पदाहरू रहेका छन् ।

पहाडि क्षेत्रका बासिन्दाहरूको फरक सांस्कृतिक क्रियाकलाप, धार्मिक महत्वका मन्दिर, गुम्बा, ऐतिहासिक महत्वका स्थलहरू आदि पर्यटन प्रवर्द्धन गर्न सकिने मुख्य स्रोतहरू हुन् । यहाँ हाल वार्षिक रूपमा बाह्य र आन्तरिक पर्यटकहरू आउने गरेका छन् । यसबाट करिब ५११ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । हाल यस नगरपालिकामा सञ्चालनमा रहेका १६१ वटा होटल तथा होमस्टेहरू रहेको छ ।

**सिंचाई:-** यस नगरपालिकाको कुल ३७.२७% कृषियोग्य भूमिमध्ये क्षेत्रफलमा साना ठूला गरी ३९ वटा कुलाहरूबाट सिंचाइ सुविधा उपलब्ध भएको छ ।

**यातायात:** नगरपालिकाभित्र सङ्घीय, प्रादेशिक तथा स्थानीय स्तरका सडकहरू रहेका छन् । नगरपालिकाभित्र सडक सञ्जालको विकास तथा स्थानीय जनताहरूमाझ सडक पहुँच पुऱ्याउनका लागि विभिन्न सडक पूर्वाधार विकासका कार्यहरू सञ्चालन भईरहेको छ । नगरपालिकाका विभिन्न सडकहरूमा ट्याक्सी, मोटरसाइकल, बस, डोजर लगायत विभिन्न सवारी साधनहरूको उपयोग गरिएको देखिन्छ । यहाँ पक्की तथा कालोपत्रे, ग्राभेल र कच्ची सबै प्रकारका सडकहरू रहेका छन् ।

**उद्यम, व्यापार र व्यवसाय:**

आर्थिक गणना २०७५ अनुसार यस नगरपालिकामा १२३५ वटा आर्थिक प्रतिष्ठानहरूमा ३७१३ जनाले रोजगारी प्राप्त गरेका छन् । नगरपालिकाभित्र १५८ वटा उत्पादनशील उद्योग, १६१ वटा होटल, वटा सहकारी, ४ वटा कृषि फार्म साथै अन्य पसल, खाद्यान्न मिल, ६०४ आदि व्यवसायहरू रहेका छन् । नगरपालिकामा सञ्चालनमा रहेका उद्योगहरू मध्ये अधिकांश लघु तथा घरेलुस्तरका छन् ।

**रोजगारी:**

यस नगरपालिकामा रोजगार प्राप्त व्यक्तिहरूको सङ्ख्या ३७१३ रहेको छ । यी मध्ये अधिकांश ( ३१.२७%) कृषिमा रहेका छन् । होटल व्यवसायमा ३.४१%, ज्याला मजदूरीमा २.७३%, वैदेशिक रोजगारीमा १.९७% र अन्य क्षेत्रमा १४.०५% संलग्न रहेका छन् ।

**विद्युत सुविधा:**

यस नगरपालिकाको विद्युत आपूर्तिको प्रमुख स्रोत राष्ट्रिय प्रसारण हो । राष्ट्रिय प्रसारण प्रणालीको पहुँच ७०% रहेको छ । यहाँ रहेका ३९ खोला/नदीहरूमा विद्युत उत्पादनको सम्भाव्यता अध्ययन भएको छ । करिब ७०% घरपरिवारमा बिजुली पुगेको छ । करिब १५% घरपरिवारले सोलार उर्जा प्रयोग गरेका छन् । उज्यालोका लागि अन्य स्रोतहरू (मट्टितेल, दाउरा) प्रयोग गर्ने घरपरिवारहरू ५% रहेका छन् ।

**खानेपानी तथा सरसफाइः**

यस नगरपालिकामा करिब २७.४% घरपरिवारले पाइप मार्फत उपलब्ध धाराको पानी प्रयोग गर्दछन् । यहाँ १५२ घरले अर्थात २.२% घरपरिवारले नदी तथा मुलको पानी खाइरहेका छन् । अझैपनि १८२ घरपरिवारको खानेपानीको मुख्य स्रोत कुवा रहेको छ । नगरपालिकाले सबै नागरिकहरूलाई शुद्ध पिउने पानी उपलब्ध गराउन अभियान सञ्चालन गरेको छ ।

यहाँ करिब १००% घरमा चर्पीको व्यवस्था रहेको छ जसमा ८०.०१% सेफ्टी ट्याङ्की सहितको र १९.९९% खाल्डे चर्पी रहेका छन् ।

**भवन तथा आवासः**

यस नगरपालिकामा रहेका जम्मा ६७९७ घरधुरी मध्ये करिब ०.३८% घरको छाना माटोले छाएका, ४४.५८% टिनले छाएका, २.२८% ढलान भएका ६.५६% खर/स्याउलाले छाएका, र ४६.०५% घरहरू ढुङ्गाको छानो भएका छन् ।

**शिक्षाः**

यस नगरपालिकाको साक्षरता दर ९३% रहेको छ । नगरपालिकामा ४४ वटा बाल शिक्षा, १५ वटा आधारभूत विद्यालय, १० वटा माध्यमिक विद्यालय र १ वटा क्याम्पस सञ्चालनमा रहेका छन् ।

**स्वास्थ्यः**

राजनीतिक रूपमा १२ वटा वडाहरूमा विभाजित यस नगरपालिकाको धेरैजसो जनताले आवश्यकता अनुसार स्वास्थ्य सुविधा लिन सकेका छैनन् । नगर केन्द्र क्षेत्रका जनताहरूको पहुँच केवल प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्यसम्म मात्र रहेको छ । उक्त नगरपालिकामा प्राथमिक स्वास्थ्य चौकी १ वटा, स्वास्थ्य चौकी ५ वटा र शहरी स्वास्थ्य केन्द्र ३ वटा स्वास्थ्य सुविधाहरू उपलब्ध छन् ।

**बैंक, वित्तीय संस्था तथा सहकारीः**

यस बागचौर नगरपालिकामा बैंक, वाणिज्य बैंक, लघुवित्त, विमा र विकास बैंकहरू गरी जम्मा २० वटा वित्तीय संस्थाहरूले सेवा प्रदान गरेका छन् ।

## २.२ नगरपालिकाको मानव संसाधनको अवस्था

यस नगरपालिकाले जनतालाई प्रदान गर्ने सेवा र सुविधाहरू सहजरूपले सुचारु गर्नका लागि संगठनात्मक संरचनाको निर्माण गरेको छ । जसअनुसार विभिन्न शाखा, उपशाखा र ईकाइहरू स्थापना भएका छन् । सेवा प्रवाहका लागि १२ वटा वडा कार्यालयहरू र सेवा केन्द्रहरूबाट सेवा प्रवाह इकाईहरू र विभिन्न समितिहरू गठन गरिएका छन् । यस नगरपालिकाको राजस्व सम्बन्धी

जिम्मेवारी बहन गर्न प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत सहायक चौँथो स्तरको एकजना कर्मचारी रहने गरी राजस्व इकाईको व्यवस्था रहेको छ । बागचौर नगरपालिकाको सङ्गठनात्मक तथा मानव संशोधन तालिका यस प्रकार रहेको छः

**तालिका २: मानव संशाधन तालिका**

| क्र.सं. | विषयगत शाखा/ पद | संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ |
| २ | सूचना प्रविधि अधिकृत (सूचना अधिकारी) | १ |
| ३ | इन्जिनियर | १ |
| ४ | शिक्षा प्रमुख | १ |
| ५ | स्वास्थ्य संयोजक | १ |
| ६ | जिन्सी शाखा प्रमुख | १ |
| ७ | शाखा अधिकृत | १ |
| ८ | कृषि शाखा प्रमुख | १ |
| ९ | ना.सु. | १ |
| १० | लेखा प्रमुख | १ |
| ११ | राजस्व  शाखा प्रमुख | १ |
| १२ | प्रशासन शाखा प्रमुख | १ |
| १३ | रोजगार संयोजक | १ |
| १४ | अन्तरिक लेखा परिक्षक | २ |
| १५ | योजना शाखा प्रमुख | १ |
| १६ | सव इन्जिनियर | ३ |
| १७ | महिला तथा बालवालिका शाखा प्रमुख | १ |
| १८ | पञ्जिकरण शाखा प्रमुख | १ |
| १९ | खरिदार | २० |
| २० | सवारी चालक | ६ |
| २१ | कार्यालय सहयोगी | १४ |

## २.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था:

यस बागचौर नगरपालिकाको कार्यालय वडा नं. १२ को रहेको छ । कार्यालय सञ्चालन भैरहेको भवन सङ्घीय सरकारबाट प्राप्त अनुदानले निर्माण भएको हो । नगरपालिकाको सम्पूर्ण शाखा, उपशाखा तथा इकाईहरू प्रशासकीय भवनबाटै सञ्चालन गर्ने योजना रहेको छ ।

नगरपालिकाको जम्मा १२ वटा वडामध्ये १ वटा वडा कार्यालयका आफ्नै भवन छ भने अन्य वडा कार्यालयहरू भाडाको भवनमा सञ्चालन भैरहेका छन् । नगरपालिकाको कार्यालय, सबै वडा कार्यालयहरूमा न्यूनतम आवश्यक पर्ने फर्निचर तथा विद्युतीय उपकरणहरू (कम्प्युटर, प्रिन्टर) र इन्टरनेट सुविधा पर्याप्त मात्रामा उपलब्ध रहेको छ ।

नगरपालिकाको स्वामित्वमा २ वटा जीप/भ्यान र २५ वटा मोटरसाइकल १ वटा स्काइभेटर/बुल्डोजर, १ वटा एम्बुलेन्स, टिप्पर १ वटा र रिक्सा १ वटा रहेका छन् । विभिन्न स्थानमा रहेको जग्गा नगरपालिकाको आफ्नै स्वामित्वमा रहेको छ । नगरपालिकाका तथा वडाहरूको स्वामित्वमा रहेको जग्गा तथा भवनहरूको अभिलेख तयार गरी नियमित गर्न जरुरी देखिन्छ। नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका सबै किसिमका सम्पत्तिको उपयोग गरी नियमित आयआर्जन गर्नका लागि नीतिगत निर्णय गरी थप लगानी गर्न आवश्यक देखिन्छ ।

# परिच्छेद तीनः नगरपालिकाको राजस्व अधिकार अवस्था तथा आय सम्भाव्यता

नेपालको संविधान तथा स्थानीय तह सञ्चालन ऐन २०७४ लगायतले स्थानीय तहलाई प्रदान गरेका राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि नगरपालिकाका तर्फबाट गरिएका कानुनी व्यवस्था र नगरपालिकाको राजस्व सङ्कलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरूलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

### ३.१.१ सम्वैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची-८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तर्गत स्थानीय तहहरूले सम्पत्ति कर (घरजग्गा कर) घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन् । गैरकर अन्तर्गत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना सङ्कलन गर्न सक्नेछन् । राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरूको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३: तहगत राजस्व अधिकार**

| सङ्घ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मुल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर दण्ड जरिवाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• मनोरञ्जन कर<br>• मालपोत सङ्कलन<br>• दण्ड जरिवाना | • सेवा शुल्क,<br>• दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

स्रोतः नेपालको संविधान

### ३.१.२ कानुनी व्यवस्था:

### (क) स्थानीय तह सञ्चालन ऐन, २०७४

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्था रहेको छ । यसमा कर अन्तर्गत प्रत्यक्ष करहरू जस्तै सम्पत्ति कर, भूमिकर ( मालपोत), घर-जग्गा बहाल कर, पार्किङ शुल्क, जडीवुटी, कबाडी र जीवजन्तु कर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरू रहेका छन् । यसरी नै गैरकर अन्तर्गत गाँउपालिका वा नगरपालिकाबाट विभिन्न सेवाहरू उपयोग गरे वापतको सेवा शुल्क जस्तै विभिन्न पर्यटन व्यवसायमा शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोग कर्ताहरूबाट असूल गरिने सेवा व्यवस्थापन शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिश वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्सापास दस्तुर र नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री र अन्य सम्पत्ति बिक्री, सामुदायिक वनको आय र जनसहभागिता वापतको रकम आदि रहेको छन् ।

यसैगरी प्रदेश र स्थानीय तह दुबैले साझेदारीमा सङ्कलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुर रहेको छ । यसको दर प्रदेशले तोक्ने र सङ्कलन स्थानीय तहले गर्ने प्रावधान रहेको छ । हालसम्म सङ्घीय तहबाट स्थानीय तहमा घरजग्गाको लागत स्थानान्तरण भै नसकेको र सङ्घीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले नै घरजग्गा कर प्रदेश कानुन बमोजिम असुलउपर गरी त्यसको ६०% सम्बन्धित स्थानीय गाउँपालिका वा नगरपालिका र ४०% सम्बन्धित प्रदेशमा पठाउने गरेको छ । स्थानीय तहमा देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट आम्दानी प्राप्त हुने गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न सङ्घीय, प्रदेश र स्थानीय तहले परिचालन गर्ने कर र गैर करका शीर्षकहरू निर्धारण गर्नुका साथै संविधानका अनुसूचीमा एकल अधिकारमा दोहोरो अधिकार क्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शीर्षकहरूको सन्दर्भमा प्रदेश र स्थानीय तहबिच एकल कर प्रशासन सम्बन्धमा निम्नानुसारको थप व्यवस्था समेत गरेको छ । आर्थिक ऐन २०७५ ले परिमार्जन गरेको व्यवस्था देहाय बमोजिम रहेको छ ।

**तालिका ४: एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बिच बाँडफाँड व्यवस्था**

| करका क्षेत्रहरू | दर निर्धारण गर्ने | सङ्कलन गर्ने तह | राजस्व बाँडफाँड (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय | ४० | ६० |
| अन्य सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा) | स्थानीय तह | स्थानीय तह | - | १०० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६*


**एकल कोषको व्यवस्थापनः**

एकल कोषको व्यवस्थापन देहाय बमोजिम हुनेछः-

१. एकल कर बाँडफाँड प्रयोजनका लागि सङ्कलन गर्ने तह (प्रदेश र स्थानीय) ले संकलित रकम विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।
२. प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने ।
३. प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने र मासिकरुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।
४. स्थानीय तहले विभाज्य कोषमा रहेको रकमको ४०% आवधिक रूपमा प्रदेशको सञ्चित कोषमा दाखिला गर्नुपर्ने ।

**स्थानीय तहको आन्तरिक आयः-**

स्थानीय तहलाई कानुनले नै कर, सेवाशुल्क, दस्तुर तथा दण्ड जरिवानाबाट राजस्व प्राप्त गर्ने अधिकार प्रदान गरेको छ । करको दायरामा रहेका व्यक्ति तथा संस्थाहरूले भुक्तानी गर्ने रकमहरू नै स्थानीय तहका राजस्वका स्रोतहरू भएको हुनाले नागरिकले आफूले तिरेको करको स्थानीय तहले कसरी उपयोग गरेको छ भन्ने विषयमा चासो र सरोकार राख्नु स्वभाविक हो  भने स्थानीय तहले करदाताहरूलाई विश्वस्त पारी राजस्व  को सदुपयोग गर्ने दायित्व निर्वाह गर्नु पर्दछ ।



**नगरपालिकाको आन्तरिक राजस्वका स्रोतहरू:**

१. सम्पत्ति कर सम्बन्धी व्यवस्थाः

नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने छ। यो व्यवस्था अनुसार सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाउने र बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने छ।

**स्पष्टिकरण:** घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल बराबरको जग्गा र अधिकतम सो बराबरको थप जग्गा सम्झनु पर्दछ। यसरी सम्पत्ति कर लगाउँदा देहाय बमोजिमका विषयलाई आधार लिनुपर्ने व्यवस्था रहेको छः

क) घर र जग्गाको आकार प्रकार र बनौट

(ख) घर र जग्गाको प्रचलित बजार मुल्य तथा घरको हकमा ह्रास मुल्य

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(ख) भूमिकर (मालपोत) सम्बन्धी व्यवस्थाः गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) लगाउनेछ। आर्थिक ऐन, २०७५ (पछि केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ द्वारा संशोधित) ले घर र त्यसले चर्चेको निश्चित जग्गामा सम्पत्ति कर लगाएपछि सोभन्दा बढी जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था छ। तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन।

(ग) व्यवसाय करः नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्नेछ।

(घ) घर जग्गा बहाल करः नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति, वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएको नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउन सक्नेछ।

(ङ) सवारी करः नगरपालिकाले सिमित सवारी साधन (अटोरिक्सा तथा इ-रिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर सङ्कलन गर्न सक्ने अधिकार पाएको छ। यस नगरपालिकाले यसका लागि दर निर्धारण गरेको अवस्था छ।

(च) विज्ञापन करः नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था रहेको छ ।

(छ) गैरकरहरूः स्थानीय तह सञ्चालन ऐनमा नगरपालिकाले पर्यटन शुल्क अन्तर्गत आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जि जम्प, जिपफ्लाईर, ऱ्याफ्टिङ्ग, प्याराग्लाईडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहासिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ । यसैगरी नगरपालिकाबाट विभिन्न सिफारिशहरू, इजाजत पत्र तथा नवीकरण जस्तै एफएम रेडियो सञ्चालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, निजी विद्यालय स्थापना, स्थानीयस्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन तथा कोचिङ सेन्टर, औषधि पसल, घरजग्गा कारोवार (प्लटिङ्ग) जस्ता व्यवसायिक संस्थाहरूको दर्ता, नवीकरण आदिमा विभिन्न दस्तुर सङ्कलन गर्ने व्यवस्था रहेको छ ।

(ज) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड सम्बन्धी व्यवस्थाः अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड अन्तर्गत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड सम्बन्धमा निम्न व्यवस्था गरेको छ । प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (प्रतिशतमा) स्रोतहरू सङ्घ प्रदेश स्थानीय तह पर्वतारोहण ५० २५ २५ २० स्रोतहरू सङ्घ प्रदेश स्थानीय तह विद्युत ५० २५ २५ वन ५० २५ २५ खानी तथा खनिज ५० २५ २५ पानी तथा अन्य स्रोत ५० २५ २५ स्रोतः अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४, अनुसूची ४ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहले प्राप्त गर्ने २५ प्रतिशत हिस्साको लागि प्रत्येक स्थानीय तहको प्राकृतिक स्रोतको अवस्थिति तथा प्राकृतिक स्रोतमा आधारित परियोजना वा उपयोगबाट प्रभावित क्षेत्र र जनसंख्याको पहिचान गरी स्थानीय तहलाई रकम बाँडफाँड गर्न सिफारिश गरेको छ ।

(झ) कर राजस्व बाँडफाँड सम्बन्धी व्यवस्थाः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मुल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकम मध्येबाट उठेको रकमलाई सङ्घीय विभाज्य कोषमा राखी सो रकमबाट सङ्घीय सरकारले ७०%, प्रदेशले १५% र स्थानीय तहले १५% बाँडफाँड गर्ने व्यवस्था रहेको छ । कर राजस्वको बाँडफाँड सम्बन्धी व्यवस्था स्रोतहरू सङ्घ प्रदेश स्थानीय तह मुल्य अभिवृद्धि कर (भ्याट) ७० १५ १५ अन्तशुल्क ७० १५ १५ स्रोतः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरूका बिचमा अनुदान सिफारिश गर्दा लिइने आधारहरू, राजस्वको बाँडफाँड गर्दा लिईने आधारहरू र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने आधार र मापदण्डहरू तयार गरी कार्यान्वयनका लागि सहजीकरण गर्नु पर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बिच उठ्न सक्ने

सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरूलाई सुझाव दिने संवैधानिक व्यवस्था रहेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिश समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसंख्या (कुल जनसंख्या र आश्रित जनसंख्या), क्षेत्रफल, मानव विकास सुचकांक, न्यून विकास सूचकांकको आधारमा प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँड गर्ने गरी आगामी ५ वर्षको लागि सिफारिश गरेको छ । क्र.सं. आधारहरू प्रदेश स्थानीय तह १ जनसंख्या ७० ७० २१ कुल जनसंख्या अनुपात ८० आश्रित जनसंख्या अनुपात २० २ क्षेत्रफल १५ १५ ३ मानव विकास सूचकांक ५ ५ ४ न्यून विकास सूचकांक (पुर्वाधार सूचकांक ७०%, खर्चको आवश्यकता सूचकांक २०% र सामाजिक तथा आर्थिक असमानता सूचकांक १०%) १० १० जम्मा १०० १०० यस सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजस्व तथा राजस्व बाँडफाँडबाट पुऱ्याउनु पर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा थप रकम सूत्र अनुसार रकम बाँडफाँड गर्ने गरेको छ । आयोगले गत आ.ब. २०७६/७७ मा ३ करोड ५० लाख र आ.ब. २०७५/७६ मा ३ करोड न्यूनतम रकम र त्यसपछि सुत्र अनुसारको रकम प्रत्येक स्थानीय तहलाई प्रदान गर्ने गरी नेपाल सरकारलाई राजस्व बाँडफाँड गर्न सिफारिश गरेको थियो ।

## ३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

यस बागचौर नगरपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरूमा मालपोत, सिफारिश तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, सम्पत्ति कर, व्यवसाय दर्ता तथा नवीकरण दस्तुर आदि रहेका छन् । नगरपालिकाका आयका शीर्षकहरू र संभावनाहरू तलिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५: नगरपालिकामा आयका शीर्षक र संभावनाहरू**

| क.सं. | आयका शीर्षक | सम्भावना (छ/छैन) | दर निर्धारण (छ/छैन) | सङ्कलन (भएको/नभएको) |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमी कर (मालपोत) | छ | छ | भएको |
| २ | सम्पत्ति कर | छ | छ | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | छ | भएको |
| ४ | घर जग्गा बहाल कर | छ | छ | भएको |
| ५ | व्यवसाय कर | छ | छ | भएको |
| ६ | जडीवुटी, कबाडी र जीवजन्तु कर | छ | छ | भएको |
| ७ | विज्ञापन कर | छ | छैन | नभएको |
| ८ | मनोरञ्जन कर | छ | छैन | नभएको |
| **(ख) गैरकर तर्फ** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | छैन | नभएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | छैन | नभएको |
| ३ | नक्सापास दस्तुर | छ | छ | भएको |
| ४ | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | छ | छ | भएको |
| ५ | बहाल बिटौरी शुल्क | छ | छैन | नभएको |
| ६ | पार्किङ्ग शुल्क | छैन | छैन | नभएको |
| ७ | वन पैदावर बिक्री वापतको आय | छ | छैन | नभएको |
| ८ | अस्पताल संचालन | छ | छैन | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | छैन | नभएको |
| १० | स्थानीय खानेपानी महसुल | छ | छैन | नभएको |
| ११ | स्थानीय विद्युत महसुल | छ | छैन | नभएको |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लाईर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छैन | छैन | नभएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावना (छ/छैन) | दर निर्धारण (छ/छैन) | सङ्कलन (भएको/नभएको) |
|---|---|---|---|---|
| १३ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छैन | छैन | नभएको |
| १४ | मूल्याङ्कन सेवा शुल्क | छ | छ | भएको |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | छ | भएको |
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | छैन | नभएको |
| १७ | वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | भएको |
| १८ | दण्ड जरिवाना | छ | छ | भएको |

## ३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

बागचौर नगरपालिकामा पहाडी र उच्च पहाडी क्षेत्रको मिश्रित भू-भाग भएको हुनाले यहाँको आर्थिक क्रियाकलापको मुख्य आधार पर्यटन, कृषि, प्राकृतिक स्रोतसाधनहरू जस्तै शिखर, ताल, वन जंगल, पाटन, खनिज, जडीवुटी, खोला नदी आदि रहेका छन् । यहाँको खेतीयोग्य जमिनमा फलफूल, आलु, तरकारी, आदिको व्यवसायिक उत्पादन, सुन्दर तथा मनमोहक हिमाली दृष्य, ताल, घाँसे मैदान, आदिले पर्यटन व्यवसायको प्रचुर संभावना रहेको छ । पर्यटन पूर्वाधार निर्माणको शुरुवात भएको छ यसका परिमाण र गुणस्तरमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ । यस्ता व्यवसायहरूको बिस्तार भएमा र उनीहरूलाई प्रत्यक्ष लाभदायी बनाई राजस्व सङ्कलन अभियानमा समावेश गराउन सकेमा करको दायरा थप फराकिलो हुने सम्भावना छ ।

नगरपालिकाको सबै वडा र बस्तीहरूलाई सडक सञ्जालले जोड्ने कार्यहरू भैरहेका छन् जसले नगरपालिकाको उत्पादनले बजारको पहुँचलाई सहज बनाउँदै लगेको छ । स्थानीय कच्चा पदार्थहरूमा आधारित प्रारम्भिक प्रशोधन तथा निकासीको प्रबल सम्भावनाहरू देखिएका छन् भने विभिन्न किसिमका घरेलु तथा साना उद्यम र व्यवसायको विकास तथा बिस्तार हुन सक्ने अवस्था रहेको छ ।

### ३.३.१ कर राजस्व

नगरपालिकाको राजस्वका स्रोतहरू मध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भैरहेको, सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरू देहाय बमोजिम रहेका छन्:

### क. सम्पत्ति कर

स्थानीय तह सञ्चालन ऐनको दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको छ। उक्त प्रावधान अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका घर र सो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

नगरपालिकाले आ.व. २०७५/०७६, र २०७७/०७८ मा सम्पत्ति कर अन्तर्गत क्रमशः ८०५० र ९३३४५. रकम आम्दानी प्राप्त गरेको छ। आ.व. ७८/७९ मा सम्पत्ति कर शीर्षकमा २०००००० रकम अनुमान गरेकोमा २३३२०५ सम्पत्ति कर असुल भएको देखिन्छ।

**सम्भावनाः**

यस नगरपालिकामा जम्मा ६७९७ घरहरू रहेका छन्, ती मध्ये २.२% घरहरू मापदण्ड अनुसार बनेका देखिन्छन् र यहाँ भएका सबै घरहरूमा कर लगाउन सकिने सम्भावना रहेको देखिन्छ ।

**तालिका ६: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर**

| करदाता सम्बन्धी विवरण | करदाताको संख्या | करको औसत दर (प्रस्तावित)* | सम्भाव्य कुल आय रु. |
|---|---|---|---|
| ढुंगा, माटो र फुस/खरको छानोको घर भएका | ४४६ | १०० | ४४६०० |
| ढुंगा, माटोको जोडाई, सिमेन्ट प्लास्टर र टायल/टिनको छानोको घर भएका | ३०३० | १५० | ४५४५०० |
| ढुंगा, माटोको जोडाई, सिमेन्ट प्लास्टर र ढुङ्गाको छानोको घर भएका | ३१३० | २०० | ६२६००० |
| वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | १५४ | २५० | ३८५०० |
| अन्य | ३७ | १०० | ३७०० |
| **जम्मा** | **६७९७** | | **११६७३००** |

स्रोतः नगरपालिकाको वस्तुस्थिति विवरण २०७७ अनुसार *(नगरपालिकाको आर्थिक ऐन अनुसार)

**सुधार गर्नुपर्ने पक्षहरूः**

नगरपालिका क्षेत्रमा रहेका घरजग्गा नगरपालिकाको एक भरपर्दो आम्दानीको स्रोत हो । घरजग्गाहरूको वास्तविक मूल्याङ्कन, परिमार्जन, जनताहरूलाई कर तिर्नु दायित्व हो भन्ने बोध गराउने, जनताहरूको करतिर्न सक्ने क्षमता अनुसारको दर निर्धारण गर्ने, समयमा कर नतिर्ने करदाताहरूलाई दण्ड जरिवानाको व्यवस्था गर्ने, राजस्व प्रशासनको समय सापेक्ष सुधार गर्ने आदि उपायहरूको अबलम्बन गरी सम्पत्ति कर सम्बन्धी व्यवस्थामा सुधार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

सम्पत्ति मूल्याङ्कन अनुसार कर निर्धारण गर्दा शुरु मुल्य रु. २ लाखसम्मको सम्पत्तिमा रु. ५०।- र त्यसपछि सम्पत्तिको मुल्य अनुसार थप सम्पत्तिमा रु.५० देखि सम्पीत्तको कर मुल्य बढ्दै जाने छ । यसका लागि नगरपालिकाले एउटा छुट्टै सम्पत्ति कर निर्देशिका जारी गरी सोही बमोजिम कार्यान्वयन गर्न उचित देखिन्छ। घरमुली महिला वा महिलाको स्वामित्वमा रहेको सम्पत्ति भएमा त्यस्तो सम्पत्तिमा केही प्रतिशत छुट दिने गरी ऐनमा व्यवस्था गर्न सकिने छ । राजस्व शाखामा कम्प्युटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा बिल काट्ने गरिएमा काम छिटोछरितो, सजिलो हुनका साथै मानवीय कमजोरीबाट हुने त्रुटीमा कमी ल्याउन सकिन्छ ।

**भूमिकरः** स्थानीय तह सञ्चालन ऐनको दफा ५६ अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्रको खेतीयोग्य जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकार (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरेको छ ।

**विद्यमान अवस्थाः** भूमिकर, नगरपालिकाको एउटा प्रमुख र दिगो राजस्वको स्रोत हो । नगरपालिकाले भूमिकर वापत आ.व. २०७७/०७८ मा **रु.**१०४७७८४ राजस्व प्राप्त गरेको थियो । नगरपालिकाको कुल क्षेत्रफल १५६०९ हेक्टर मध्ये ५८१८ हेक्टर खेतियोग्य भूमि रहेको देखिन्छ । घरघडेरीको रूपमा उपयोग हुने जमिनलाई छुट्याएर बाँकी रहेको जमिनमा भूमिकर लगाउन सकिन्छ । यहाँ भूमिकर प्रयोजनका लागि आर्थिक ऐन बमोजिम जग्गा मूल्याङ्कन अनुसार भूमीकर निर्धारण गरिएको छ ।

**करको सम्भावनाः** यस नगरपालिका भित्रको क्षेत्रमा सम्पत्ति कर लगाएको बाहेकको जमिनलाई उपयोगको आधारमा मूल्याङ्कन गरी भू-उपयोग ऐनको प्रावधान अनुसार कृषि क्षेत्र, आवासिय क्षेत्र, व्यवसायिक क्षेत्र लगायत अन्य तोकिएका क्षेत्रमा वर्गिकरण गरी कर निर्धारण गरिएमा हालको भन्दा बढीकर असुल हुन सक्ने संभावना रहेको देखिन्छ ।

**तालिका ७: सम्भाव्य मालपोत करदाता तथा सम्पत्ति कर**

| सि.नं. | जग्गा जमिनको विवरण पहाड (रोपनी) | क्षेत्रफल | औसत कर को दर रेट प्रति रोपनि रु. | जम्मा |
|---|---|---|---|---|
| १ | खेत | ३४३१४ | १८ | ६१७६५२ |
| २ | बारि | ८००६७ | १५ | १२०१००५ |
| | **जम्मा** | **११४३८१** | | **१८१८६५७** |

स्रोतः नगरपालिकाको वस्तुस्थिति विवरण २०७६ अनुसार *(नगरपालिकाको आर्थिक ऐन अनुसार)

## सुधार गर्नुपर्ने पक्षहरूः

यस नगरपालिका क्षेत्रमा रहेको जमिनलाई नयाँ भूमि सम्बन्धी ऐनको प्रावधान बमोजिम वर्गिकरण गरी भूमिको उपयोग अनुसार सम्पत्ति कर लगाए बाहेकको जमिनलाई खेती प्रयोजनमा प्रयोग भएको, सडकले नछोएको जमिनमा मालपोत मात्र र सडक यातायातले छोएको, घडेरीको रुपमा विकास हुन सक्ने जमिनमा थप भूमिकर लगाउने गरी प्रगतिशिल किसिमको भूमिकर लगाउने र बक्यौताको विवरण तयार गरी सो उठाउन पनि पहल गर्नुपर्ने देखिन्छ । प्रगतिशिल र व्यवहारिक भूमिकरको दर निर्धारण र असुली गर्न देहाय बमोजिमका उपायहरू उपयुक्त हुने देखिन्छ ।

१. मालपोतको दर निर्धारण गर्दा जमिनको उत्पादकत्व, वार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु उचित हुन्छ ।
२. सडक यातायातको सुविधामा जोडिएको जमिनको व्यवसायिक महत्व बढी हुने भएकोले त्यस्ता जमिनमा थप भूमिकर लगाउनु उपयुक्त हुन्छ र त्यस्ता जमिनमा भौतिक संरचनाहरूको निर्माण भएमा स्वतः सम्पत्ति करको दायरामा आउने हुनाले बाँकी रहेको जमिनको करको दर सामान्य हुनुपर्छ ।

३. मालपोतको दर निर्धारण गर्दा जमिनको उत्पादनलाई मौद्रिक मुल्यमा रुपान्तरण गरी आय र लगानीको विश्लेषण गरी बचत रकमको ५ देखि १०% सम्म वार्षिक मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ।

४. प्रगतिशील मालपोत दर कायम गर्न शुरु दर कम राखी जग्गाको परिमाण अनुसार क्रमशः दर बढाउँदै जानु उपयुक्त हुन्छ।

५. सामुहिक खेतीतर्फ आकर्षित गर्न, लैङ्गिक समानता कायम गर्न र आर्थिक रूपले विपन्न परिवारलाई सहुलियत दिन सहकारी मार्फत गरिने सामुहिक खेती, गरिब किसान र महिलाका नाममा भएको कृषि जमिनमा स्थानीय कानुन अनुसार ५०% सम्म शुल्क छुट दिन सकिने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ।

६. स्थानीय स्तरमा उद्योग प्रयोजनार्थ तथा व्यवसायिक हिसाबले जडीवुटी स्याउ, फलफूल वगैंचा, कृषिफार्म सञ्चालन गर्ने कृषकहरूलाई नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था गरी प्रोत्साहन स्वरूप रकम छुट दिन सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ।

**(ग) घरजग्गा बहाल करः** स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ५७ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, भवन, टहरा, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रूपले बहालमा लिएकोमा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ।

**विद्यमान अवस्था**

नगरपालिकाले आर्थिक ऐनमा व्यवस्था गरे बमोजिम घरजग्गा बहालमा लगाए वापत बहालमा लगाएको शुल्कको १०% का दरले घरजग्गा बहाल कर असुलउपर गर्दै आएको छ। नगरपालिकाले आ.व. २०७७/र०७८ मा यस शीर्षक अन्तर्गत जम्मा रु. ५००००० सङ्कलन गर्ने लक्ष्य राखेकोमा कुल रु. ६३४७३१ सङ्कलन गरेको देखिन्छ भने आ.व. २०७८।०७९ मा जम्मा रु. २८७१६०० सङ्कलन गर्न सकिने सम्भाव्यता पेश गरिएको छ।

**करको संभावनाः**

नगरपालिका क्षेत्रमा ३ वटा बैंक तथा ३ सहकारी संस्थाहरू ५ उद्योग, व्यापार, व्यवसायहरू रहेको देखिन्छ। व्यक्ति र संस्था गरी नगरपालिका भरीमा कुल ६५२ जना घर बहालमा बस्ने अनुमान गरिएको छ। व्यक्ति र संस्थाका लागि प्रस्तावित विभिन्न दररेटको आधारमा घर बहाल कर सङ्कलन गर्दा कुल रु. २८७१६०००० कर उठ्ने र नगरपालिकाको आर्थिक ऐन अनुसार १०% का दरले घर बहाल कर सङ्कलन गर्दा वार्षिक कुल रु. २८७१६०० घर बहाल कर उठ्न सक्ने सम्भाव्यता पेश गरिएको छ। यसलाई तालिका नं. ९ मा प्रस्तुत गरिएको छ।

**तालिका ८: घरजग्गा बहाल करको सम्भाव्यता विवरण**

| क्र.सं. | बहालमा बस्ने प्रयोजन | बहालमा बस्ने अनुमानित संख्या | अनुमानित औसत भाडा रकम (रु) | वार्षिक भाडा रकम (रु) | घर बहालको १०% का दरले हुने आम्दानी (रु) |
|---|---|---|---|---|---|
| १ | कोठा भाडामा बस्ने | ६५२ | १५०० | ११७३६००० | ११७३६०० |
| २ | व्यापार व्यवसाय | ४९४ | २५०० | १४८२०००० | १४८२००० |
| ३ | बैंक तथा सहकारी | ८ | १५००० | १४४०००० | १४४००० |
| ४ | औद्योगिक प्रायोजन | ६ | १०००० | ७२०००० | ७२००० |
| | **जम्मा** | **११६०** | | | **२८७१६००** |

स्रोतः नगरपालिकाको वस्तुस्थिति विवरण २०७६ *(नगरपालिकाको आर्थिक ऐन अनुसार)

## सुधार गर्नुपर्ने पक्षहरू

व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक भाडा अनुसारको लगत तयार गरी बहाल करको स्वीकृत दर बमोजिमको प्रभावकारी कार्यान्वयन गर्न घर जग्गा बहाल कर व्यवस्थापन कार्यविधि तर्जुमा गर्नुपर्ने देखिन्छ । दुई-दुई वर्षमा घर जग्गा बहाल करको दर पुनरावलोकन गर्नुपर्दछ ।

**व्यवसाय कर:** स्थानीय तह सञ्चालन ऐनको दफा ५८ मा नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**हालको अवस्था:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरूलाई होटल, रेष्टुरेन्ट एण्ड बार, स्टेशनरी तथा पुस्तक पसल  लगायतका विभिन्न २० किसिममा वर्गीकरण गरी वार्षिक व्यवसाय करको दर निर्धारण गरेको छ। व्यवसाय कर न्यूनतम रु १२५ देखि अधिकतम रु १५००० सम्म तोकिएको छ । यस नगरपालिकामा आ.व. ७७/७८ मा व्यवसाय कर रु १०५० असुल गरेको पाइन्छ। आ.व. २०७८।०७९ मा व्यवसाय कर वापत रु २००००० असुल गर्ने लक्ष्य लिएको देखिन्छ ।

**करको संभावना:** केन्द्रीय तथ्याङ्क विभागले वि.सं. २०७५ मा गरेको आर्थिक गणना अनुसार यस नगरपालिकामा जम्मा १२३५ वटा उद्योग व्यवसायहरू रहेका छन् र ३७१३ जना व्यक्तिहरू उक्त व्यवसायमा संलग्न रहेको देखिन्छ । यहाँ सञ्चालनमा रहेका उद्योग व्यवसायहरूलाई साना तथा मझौला उद्योग, लघु तथा घरेलु उद्योग, बैंक तथा वित्तीय संस्था, संस्थागत विद्यालय तथा अस्पताल, पेट्रोलपम्प, मनोरञ्जन स्थल, होटल रेष्टुरेण्ट, व्यापारिक भवन तथा अन्यमा वर्गिकरण गरी स्थानीय उद्योग वाणिज्य सङ्घको सहकार्यमा कर निर्धारण गरी राजस्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ ।

**तालिका ९: व्यवसाय करको सम्भाव्यता विवरण**

| सि.नं. | व्यवसाय | संख्या | करको औषत दर(प्रस्तावित) (रु. मा) | सम्भावित राजस्व (रु. मा) |
|---|---|---|---|---|
| १ | कृषि, वन, माछा पालन | ६४ | १००० | ६४००० |
| २ | उत्पादन | १५८ | २००० | ३१६००० |
| ३ | खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | ८ | २००० | १६००० |
| ४ | थोक तथा खुद्रा व्यापार | ६०४ | १५०० | ९०६००० |
| ५ | होटल, लज | १६१ | ५००० | ८०५००० |
| ६ | वित्त, बीमा | १६ | ५००० | ८०००० |
| ७ | अन्य | २१७ | १००० | २१७००० |
| | | | **जम्मा** | २४०४००० |

स्रोतः आर्थिक गणना २०१८ (नगरपालिकाको आर्थिक ऐन अनुसार)

**सुधार गर्नुपर्ने पक्षहरू:** नगरपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउन नगरपालिका अन्तर्गतका सम्पूर्ण उद्योग, व्यापार तथा व्यवसायहरूलाई अनिवार्य दर्ता प्रक्रियामा ल्याई तिनीहरूको पूँजिगत लगानी, आम्दानी, मुनाफा, सेवा जस्ता पक्षहरूलाई विश्लेषण गरी करको दर निर्धारण गर्नुपर्ने देखिन्छ । नगरपालिकाले कर प्राप्त गरे वापत करदाताहरूको अपेक्षा अनुसार फोहरमैला व्यवस्थापन, सरसफाइको व्यवस्था, सुरक्षा निकायको उपस्थिति जस्ता केही सेवा र सुविधाहरूलाई राजस्व परिचालनसँग आवद्ध गरी कार्यान्वयन गर्नु उचित देखिन्छ । कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्नुका साथै यस सम्बन्धी नागरिकका गुनासाहरूको सुनुवाई गरी जायज गुनासाहरूको सम्बोधन गर्नु पर्दछ । कर प्रशासनमा दण्ड र पुरस्कारको व्यवस्थालाई नियमित प्रक्रियाको रूपमा स्थापित गर्नु पर्दछ ।

### (ङ) जडीवुटी, कबाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर

स्थानीय तह सञ्चालन ऐनको दफा ६१ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीवुटी, प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिका वस्तुको व्यवसायिक उपयोग गरे वापत नगरपालिकाले जडीवुटी, कबाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था:** नगरपालिकामा जडीवुटी, कबाडी र जीवजन्तुको व्यवसायिक करको प्रचुर सम्भावना रहेको भएता पनि कर सङ्कलनको अवस्था उत्साहजनक रहेको देखिँदैन । आ.व. २०७५।०७६ मा यस शीर्षक अन्तर्गत रकम असुल भएको देखिँदैन भने आ.व. २०७८।०७९ मा पनि यस वापत कुनै रकम सङ्कलन गरिने लक्ष्य राखिएको देखिँदैन ।

**करको सम्भावना:** यस नगरपालिकाको माथिल्लो तथा उच्च हिमाली भेगमा च्याउ, चिराइतो, कटुकी खोटो लगायतका महत्वपूर्ण प्रजातिका जडीवुटीहरू पाइन्छ । तसर्थ यहाँ व्यवसायिक किसिमले जडीवुटी सङ्कलन तथा बिक्री वितरण गर्ने पेशा व्यवसायीहरू समेत रहेका छन् । यहाँको

बजार क्षेत्रमा विभिन्न किसिमका कबाडी वस्तु उत्पादन तथा बिक्री वितरण हुने भएतापनि यस्ता व्यवसायीहरू करको दायरामा आइसकेका छैनन् । नगरपालिका क्षेत्रमा रहेका वनमा जडीवुटी खेती प्रवर्द्धन तथा बजारीकरण र जीवजन्तुहरूको व्यवसायिक कारोबारका लागि बजार केन्द्रको व्यवस्थापन गरी राजस्व वृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरूः** जडीवुटी, कबाडी र जीवजन्तुको व्यवसायिक उपयोग करमा सुधार गर्नका लागि ऐनले व्यवस्था गरे बमोजिमका सबै व्यवसायलाई नगरपालिकामा दर्ता गर्न लगाई त्यस्ता व्यवसाय सञ्चालन गर्न इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्नुपर्ने देखिन्छ । करदाताहरूलाई आकर्षित गर्नका लागि छिमेकी पालिकाहरूसँग समन्वय गरी करमा एक रूपमा ल्याउनु पर्ने देखिन्छ । जडीवुटी, कबाडी र जीवजन्तुको व्यवसायिक कारोवार गर्ने व्यवसायीहरूको कारोवारको आधारमा कर निर्धारण गरी सङ्कलन गर्नुपर्ने देखिन्छ ।

### (च) साना सवारी करः

नगरपालिकाले टांगा, रिक्सा, अटोरिक्सा र इ-रिक्साको दर्ता तथा नवीकरण वापत साना सवारी कर लगाई असुल गर्न सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस नगरपालिकामा यो शीर्षकबाट रकम असुल गरेको छैन । आ.व. २०७८/०७९ का लागि साना सवारी कर वापत रु. २०००० जम्मा गर्ने लक्ष्य लिएको देखिन्छ ।

**करको संभावनाः** यस नगरपालिकाभित्र सडक कालोपत्रे भइसकेको तथा क्रमशः कालोपत्रे हुने क्रममा रहेको हुनाले मुख्य बजार क्षेत्रमा सानासवारी साधनहरू सञ्चालन हुनसक्ने सम्भावना देखिन्छ । प्रमुख पर्यटकीय केन्द्रहरूसम्म पुग्नका लागि सवारी साधनको रूपमा घोडा प्रयोग हुन सक्ने सम्भावना रहेको देखिन्छ ।

### (छ) विज्ञापन कर

विज्ञापन ऐन, २०७६ को दफा ४ अनुसार सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्ने व्यवस्था रहेको छ । सोही दफाको उपदफा ६, मा विज्ञापन सम्बन्धी निवेदन, दस्तुर, अवधि लगायतका विषयहरू सम्बन्धित स्थानीय कानुन बमोजिम हुने समेत उल्लेख गरिएको छ । यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः** यस नगरपालिकामा विज्ञापन कर शीर्षकमा आ.व.हरूमा कर वापत कुनै रकम प्राप्त गर्ने लक्ष्य लिइएको छैन ।

**करको संभावनाः** सिम्ली, राङजास रिम्ना लगायत बजार क्षेत्रहरू रहेको हुनाले यस्ता क्षेत्रहरूमा विभिन्न विज्ञापन सामग्री राख्ने स्थानहरू रहेका र भविष्यमा अझ बढी वृद्धि हुँदै जाने सम्भावना रहेको हुनाले विज्ञापन कर शीर्षकमा आम्दानी बढ्न सक्ने सम्भावना रहेको छ ।

**तालिका १०: विज्ञापन करको सम्भाव्यता विवरण**

| सि.नं. | होडिङ बोर्डका किसिम | संख्या | करको औषत दर (प्रस्तावित) | सम्भावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | साना बोर्ड | ३० | ५०० | १५००० |
| २ | मझौला बोर्ड | १५ | १००० | १५००० |
| ३ | व्यवसायिहरूले राखेका बोर्ड | ४९४ | २५० | १२३५०० |
| | | | **जम्मा** | **१५३५००** |

स्रोतः राजस्व सुधार सम्बन्धी तथ्याङ्क विश्लेषण (नगरपालिकाको आर्थिक ऐन अनुसार)

**सुधार गर्नुपर्ने पक्षहरूः** नगरपालिका क्षेत्रमा रहेका विज्ञापन स्थल तथा व्यापारिक प्रयोजनका विज्ञापन सामग्रीहरूको लगत राखी सोको नियमन गर्ने र सङ्कलन हुनसक्ने रकम यकिन गरी ठेक्का अङ्क निर्धारण गर्नुपर्ने देखिन्छ ।

**(ज) घरजग्गा रजिष्ट्रेशन दस्तुरः** नगरपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिबाट अर्को व्यक्तिमा स्वामित्व हस्तान्तरण गर्दा घरजग्गा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको असुल गरिएको राजस्वको ६०% रकम प्राप्त गर्दछ । स्थानीय तह सञ्चालन ऐन २०७४ ले यस्तो स्वामित्व हस्तान्तरणको कार्य नगरपालिकाले नै गर्ने उल्लेख गरेतापनि सङ्घीय सरकारको मातहतमा रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख हस्तान्तरण भइ नसकेको र नगरपालिकामा जनशक्ति पर्याप्त नरहेकोले हालसम्म पनि जिल्ला मालपोत कार्यालयले नै तोकिएको दस्तुर असुलउपर गरी असुल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रूपमा सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुने गरी पठाउने गरेको छ ।

**विद्यमान अवस्थाः** यस नगरपालिकाले घरजग्गा रजिष्ट्रेशन दस्तुर शीर्षकमा आ.व.२०७५/०७६, मा रकम प्राप्त गरेको देखिदैन । आ.व. २०७८/०७९ मा रु. ३५ लाख प्राप्त हुने अनुमान गरिएको छ। यस नगरपालिकाले घरजग्गा रजिष्ट्रेशन दस्तुर शीर्षकमा हालसम्म रु.६४०३६० सङ्कलन गरेको देखिएको छ ।

**करको संभावनाः** घरजग्गा रजिष्ट्रेशन दस्तुरको सम्भाव्यतालाई तालिका ११ मा प्रस्तुत गरिएको छ

**तालिका ११: घर जग्गा रजिष्ट्रेशन दस्तुरको सम्भाव्यता विवरण**

| सि.न. | घरका किसिम | परिमाण | करको औषत दर (प्रस्तावित) | सम्भावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | नयाँ घर | २० | ५००० | १००००० |
| २ | नक्सा पास दस्तुर | ५१ | ५००० | २५५००० |
| ३ | पुराना घरहरूको अभिलेखीकरण | ३७२६ | ३०० | १११७८०० |
| | | | **जम्मा** | **१४७२८००** |

स्रोतः नगरपालिकाको वस्तुस्थिति विवरण २०७७ अनुसार (नगरपालिकाको आर्थिक ऐन अनुसार)

**(झ) अन्य करः**

नगपालिकाकाले प्राप्त गर्ने अन्य कर अन्तर्गत ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, स्लेट, खरीढुङ्गा लगायतका प्राकृतिक वस्तुको निकासी शुल्क र दस्तुर महत्वपूर्ण छन् । नदीले बगाएर ल्याएका वस्तुहरू, निर्माण सामग्रीहरूको सङ्कलन तथा निकासी गर्न पाउने व्यवस्था बमोजिम मन्त्रालयले जारी गरेको मापदण्डको पालना गरी वातावरणीय प्रभाव मूल्याङ्कन गराई त्यस्ता वस्तुहरूको बिक्री तथा निकासी गर्दा कर लगाउन सक्ने व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**ञ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :**

स्थानीय तह सञ्चालन ऐन २०७४ मा मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः** यस नगरपालिकाले उपकरण सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी एम्बुलेन्स, ट्राक्टर र प्रोजेक्टर भाडामा लगाई आम्दानी गर्ने गरेको छ। विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको नभए पनि कार्यविधि तयार गरेर आफै दर रेट निर्धारण गर्ने गरेको छ । यस नगरपालिकाको स्वामित्वमा रहेका एम्बुलेन्स, प्रोजेक्टर, ट्राक्टर जस्ता भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ ।

**सम्भावनाः**

नगरपालिकाको स्वामित्वमा भएका भौतिक सम्पत्तिहरू (जेसिवी, एम्बुलेन्स र प्रोजेक्टर) का बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधार नभएकाले आगामी आ.व.मा देहाय अनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ । जस अनुसार जेसिवीबाट अनुमानित आय ८ लाख, १ लाख एम्बुलेन्स र प्रोजेक्टरबाट पचास हजार गरी कुल जम्मा ९ लाख पचास हजार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

## ट) फोहोर मैला व्यवस्थापन शुल्क

**हालको अवस्था:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास जस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ। तापनि यस नगरपालिकाले हालसम्म पनि कुनै पनि फोहोरमैला शुल्क उठाउन सकेको पाइएको छैन । नगरबासीले स्वविवेकले फोहोरमैला व्यवस्थापन गरी आएका छन् । नगर क्षेत्रमा तत्काल फोहोरमैला व्यवस्थापन शुल्क सुरु गर्न सकिने अवस्था नदेखिए पनि बजारिकरण हुँदै गरेका आसपासका क्षेत्रमा फोहोरमैला व्यवस्थापन सुरु गर्नुपर्ने अवस्था छ ।

**सम्भावना:** नगरपालिकाको बजार क्षेत्रमा साना तथा मझौला पसल व्यवसाय सञ्चालनमा रहेका बढ्दै जानुको साथै सहरीकरण बढ्दै जानाले यस क्षेत्रमा फोहोर व्यवस्थापनको काम तत्काल सुरु गर्नुपर्ने देखिन्छ। यसका उचित व्यवस्थापनको लागि उपयुक्त स्थान खोजी गर्ने तथा कानुन अनुसार क्षेत्रबाट फोहोरमैला व्यवस्थापन शुल्कको सुरुआत गर्न सकिने सम्भावना देखिन्छ ।

**तालिका १२: प्रदुषण शुल्क सङ्कलनको अवस्था**

| क.सं. | फोहरमैला प्रकारहरू | अनुमानित सङ्ख्या | औसत दर रु. | सम्भाव्य रकम |
|---|---|---|---|---|
| १ | घरायसी | ६०५९ | १२०० | रु. ७२७०८०० |
| २ | होटल | १६१ | २४०० | रु. ३८६४०० |
| ४ | अन्य व्यवसाय | ८१३ | १२०० | रु. ९७५६०० |
| | | | **जम्मा** | **रु.८६३२८००** |

## ३.३.२ गैरकर राजस्व

नगरपालिकाले प्राप्त गर्न सक्ने राजस्व को एक प्रमुख स्रोतको रुपमा गैरकर राजस्व पनि हो । यस अन्तर्गत सेवा शुल्क, दस्तुर, बिक्रीबाट प्राप्त आय लगायतका स्रोतहरू महत्वपूर्ण रहेका छन् ।

## (क) स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री

स्थानीय तह सञ्चालन ऐनको दफा ६२ (क) मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री नगरपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी आदिको बिक्री गर्न सक्ने र बिक्री गरेर प्राप्त गरिएको रकम नगरपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

**विद्यमान अवस्था:** नगरपालिका क्षेत्रमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गरी गैरकर राजस्व प्राप्त गर्न सक्ने संभावना भएता पनि वर्तमान अवस्थासम्म प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको देखिदैन । आ.व. २०७५/०७६, २०७६/०७७, र २०७७/०७८ मा यस शीर्षक अन्तर्गत गैरकर राजस्व प्राप्त भएको देखिदैन भने आ.व. २०७८/०७९ मा राजस्व प्राप्त गर्ने लक्ष्य लिएको छैन । निजी सम्पत्तिबाट खानीजन्य पदार्थहरूको उत्खनन् तथा उपयोगका लागि नगरपालिकाले नै कार्यविधि तर्जुमा गरी इजाजत दिने र त्यसबाट उत्पादित वस्तुमा दस्तुर लगाउन सकिने कानुनी व्यवस्था रहको हुनाले निजि जमिनबाट उत्पादित वस्तुमा औसत रु. ९ लिन सक्ने प्रवधान रहेको छ । सो दस्तुरको दर निर्धारण गरी राजस्व सङ्कलनको व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

**करको सम्भावना:** यस नगरपालिकाका स्थानीय पूर्वाधार विकासको प्रारम्भिक चरणमै रहेको हुनाले निर्माण सामग्रीहरूको अत्याधिक माग वृद्धि हुँदै जान सक्ने देखिन्छ । यहाँका विभिन्न नदी तथा खोलाहरू उत्खनन् योग्य परिमाण पहिचान गरी प्राकृतिक वस्तुहरूको उत्पादन र बिक्री तथा उपयोगको प्रचुर सम्भावना रहेको देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** नेपाल सरकारले जारी गरेको ढुङ्गा, गिटी, बालुवा, उत्खनन् तथा बिक्री वितरण सम्बन्धी मापदण्ड २०७७ बमोजिम वातावरणीय परिक्षण तथा उत्खनन् व्यवस्थापन र बिक्री वितरणको नियमन गर्नुपर्ने देखिन्छ । मापदण्ड अनुसार नगरपालिकाले आफ्नै आर्थिक ऐन बमोजिम करको दर निर्धारण गर्न र प्रारम्भिक वातावरणीय परिक्षण समेत स्वीकृत गर्नुपर्ने हुन्छ । निजि खानीको लाईसेन्स दिने सम्बन्धमा कार्यविधि तर्जुमा गरी सङ्कलन कार्यको नियमित रूपमा आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने देखिन्छ ।

### (ख) बहाल बिटौरी शुल्क

स्थानीय तह सञ्चालन ऐनको दफा ५९ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका भौतिक संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउन सक्ने व्यवस्था गरेको छ ।

**विद्यमान अवस्था:** नगरपालिकाको सडकको दायाँबायाँ तथा बजार क्षेत्रमा घरटहराहरू अस्थायी रूपमा बसोबास गरी विभिन्न व्यापार, व्यवसाय तथा जिविकोपार्जनका गतिविधिहरू गराए वापत बिटौरी शुल्क लगाउन सक्ने व्यवस्था गरेको छ । नगरपालिकाको आर्थिक ऐन २०७५ ले नगरपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेका हाटबजार वा पसलमा वा सरकारी जग्गाहरूमा बनेका संरचनाहरूको उपयोग वापत वार्षिक बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गर्नसक्ने प्रवधान छ । आ.व. २०७८।०७९ मा बहाल बिटौरी शीर्षकमा शुल्क असुल गरिने लक्ष्य लिइएको छैन ।

**शुल्कको संभावना:** नगरपालिकाभित्र सडकको दायाँ र बायाँ निर्माण भएका कतिपय संरचनाहरू सडक बिस्तारसँगै भत्काउनु पर्ने अवस्थामा रहेका देखिन्छन् भने बाँकी संरचनाहरू र अन्य

सार्वजनिक जग्गामा बनेका घरटहरा लगायतका संरचनाहरूलाई स्थानीय कर अर्थात बहाल बिटौरी शुल्कको दायरामा ल्याउनुपर्ने हुनाले सरकारी जग्गामा निर्माण भएका यस्ता संरचनाहरूको पहिचान, लगत तयार पारी नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिमको दर कायम गरी राजस्व असुली गर्न सकिने सम्भावना रहेको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** नगरपालिकाभित्र रहेका सडक अधिकार भित्रका सार्वजनिक, ऐलानी, पर्ति सरकारी तथा सामुदायिक जग्गाको खोजीगरी लागत तयार गर्नुपर्ने देखिन्छ। यस्ता जग्गामा भएका अस्थायी घरटहराहरूको लागत सङ्कलन गरी आर्थिक ऐनमा निर्धारित दर बमोजिम राजस्व असुल उपर गर्नुपर्ने देखिन्छ।

**(ग) नक्शापास दस्तुर:** स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्सापास गराई भवन निर्माण गर्न नहुने व्यवस्था गरिएको छ। यस ऐनको दफा ३३(४) मा भवन निर्माण गर्न अनुमति दिँदा लाग्ने दस्तुर नगरपालिकाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।

**विद्यमान अवस्था:** नगरपालिकाको आर्थिक ऐन २०७८ मा नक्सापास, दस्तुर बजार क्षेत्र, मूल सडकसँग जोडिएका तथा संरचनाको किसिम, तला आदिका आधारमा निर्धारण गरिएको छैन । आ.व. २०७८/०७९ मा नक्सापास दस्तुर वापत रु ३५५००० राजस्व प्राप्त हुने अनुमान गरिएको छ।

**दस्तुरको संभावना:** नगरपालिका भित्र बिस्तारै बजारीकरण हुँदै गएको कारण आगामी दिनहरूमा पक्की घरहरू निर्माण हुँदै जाने सम्भावना बढ्दै गैरहेको छ। अब नयाँ बन्ने संरचनाहरू राष्ट्रिय भवन मापदण्ड तथा नगरपालिकाको आफ्नै भवन मापदण्ड तयार पारी सोही बमोजिम नियमन गर्नुपर्ने देखिन्छ । अब बन्ने संरचनाहरूका लागि नक्सापास अनिवार्य गराई सो कार्यका लागि प्राविधिक सेवा उपलब्ध गराए वापत शुल्क निर्धारण गर्दा राजस्व वृद्धि हुने सम्भावना देखिन्छ। नगरपालिकाको करिब २० वटा नयाँ घर निर्माण हुने र पुराना १०० वटा नक्सा पासको दायरामा आउन सक्ने अनुमान गरिएको छ। प्रति घरको नक्सापास दस्तुर औसत रु. ५००० का दरले जम्मा रु. ६ लाख र घरधुरी अभिलेखीकरण रु १८ लाख ८७ हजार ९०० गरी जम्मा रु.२४ लाख ८७ हजार ९०० आम्दानी हुने सम्भावना आंकलन गरिएको छ।

**तालिका १३: नक्सा पास दस्तुरको सम्भाव्यता विवरण**

| सि.नं. | घरका किसिम | परिमाण | करको औषत दर (प्रस्तावित) | सम्भावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | नयाा घर | २० | ५००० | १००००० |
| २ | नक्सा पास दस्तूर | ५१ | ५००० | २५५००० |
| | | | **जम्मा** | **३५५०००** |

स्रोत: राजस्व सुधार सम्बन्धी तथ्याङ्क विश्लेषण *(नगरपालिकाको आर्थिक ऐन अनुसार)

**सुधार गर्नुपर्ने पक्षहरू:** नगरपालिकाले आफ्नै भवन निर्माण मापदण्ड निर्माण गरी त्यसले व्यवस्था गरे बमोजिम अब निर्माण हुने र निर्माण भैसकेका संरचना सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । मापदण्ड अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने, र नक्सापास मापदण्ड बन्नु पूर्व निर्माण भएका घरहरूको अभिलेखीकरणका लागि दस्तुरको दर आर्थिक ऐनमा समावेश गरी त्यसको कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**(घ) व्यवसाय दर्ता/नविकरण शुल्क:** स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ११ (२) अ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमती, नविकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ । सहकारी ऐन २०७४ ले सहकारीको दर्ता तथा नविकरण गर्ने अधिकार पनि नगरपालिकालाई दिएको छ ।

**विद्यमान अवस्था:** यस नगरपालिकामा २३१ वटा व्यापारिक फर्म, सहकारी होमस्टेहरू सञ्चालनमा रहेका छन् । आ.व. २०७५।०७६, मा व्यवसाय दर्ता तथा नविकरण शुल्क शीर्षकमा आम्दानी भएको छैन । आ.व. २०७८।०७९ मा यस शीर्षकबाट ३०००० राजस्व आम्दानी हुने अनुमान गरिएको छ ।

**शुल्कको संभावना:** नगरपालिका क्षेत्रमा जम्मा १२३५ वटा व्यावसायिक फर्महरू, सहकारीहरू सञ्चालनमा रहेका र बजारीकरण सँगसँगै यस्ता व्यावसायिक तथा सहकारी लगायतका फर्महरूको संख्या बढ्दैजाँदा दर्ता र नवीकरण शीर्षक अन्तर्गत नगरपालिकाले अझबढी आम्दानी गर्न सक्ने सम्भावना रहेको छ ।

**तालिका १४: व्यवसाय दर्ता/नविकरण शुल्क सम्भाव्यता विवरण**

| सि.नं. | व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | सम्भावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | कृषि, वन, माछा पालन | ६४ | १५०० | ९६००० |
| २ | उत्पादन | १५८ | १५०० | २३७००० |
| ३ | खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | ८ | १५०० | १२००० |
| ४ | थोक तथा खुद्रा व्यापार | ६०४ | १५०० | ९०६००० |
| ५ | होटल, लज | १६१ | १५०० | २४१५०० |
| ६ | वित्त, वीमा | १६ | १५०० | २४००० |
| ७ | अन्य | २२४ | १५०० | ३३६००० |
| जम्मा | | १२३५ | | १८५२५०० |

स्रोत:*आर्थिक गणना २०१८, राजस्व सुधार सम्बन्धी तथ्याङ्क विश्लेषण *(नगरपालिकाको आर्थिक ऐन अनुसार)*

**सुधार गर्नुपर्ने पक्षहरू:** नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायिक फर्म, उद्योग, सहकारी तथा अन्य सङ्घसंस्थाहरूको दर्ता तथा नविकरण प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने अनुमति

तथा दर्ता गाँउ सञ्चालनमा रहेका फर्म तथा संस्थाहरूलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

### (ङ) सिफारिश तथा प्रमाणित दस्तुरः

स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ११(२) घ(७) मा नगरपालिकाले प्रचलित कानुन बमोजिम गर्ने सिफारिश तथा दफा १२ को (ङ) मा वडाले गर्ने सिफारिश तथा प्रमाणित गरे वापत नगरपालिकाले दस्तुर प्राप्त गर्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः** यस नगरपालिकाले कानुन बमोजिम सिफारिश तथा प्रमाणित गरे वापत आ.व. २०७८।०७९ मा यस शीर्षक अन्तर्गत ५३ लाख राजस्व प्राप्त गर्ने लक्ष्य लिएको देखिन्छ ।

**दस्तुरको संभावनाः** सिफारिश तथा प्रमाणित कार्य नगरपालिकाको एउटा नियमित र निरन्तर जारी रहने काम भएको हुनाले यस्तो दस्तुर नगरपालिकाको आम्दानीको एक नियमित स्रोत हो ।

**तालिका १५: सिफारिश तथा प्रमाणीत दस्तुर सम्भाव्यता विवरण**

| क्र.सं. | प्रमाणित तथा दस्तुरका प्रकारहरू | अनुमानित सङ्ख्या (वार्षिक) | औसत दर रु. | सम्भाव्य रकम |
|---|---|---|---|---|
| १ | सिफारिश | ४००० | ५०० | २०००००० |
| २ | व्यक्तिगत घटना दर्ता | ११०० | ५० | ५५००० |
| ४ | अन्य दस्तुर | २२०० | ५०० | ११००००० |
| ५ | न्यायिक दण्ड जरिवाना र जफत | ११०० | २०० | २२०००० |
| ६ | नाता प्रमाणित दस्तुर | ९०० | ५०० | ४५०००० |
| ७ | प्रशासनिक दण्ड जरिवाना र जफत | ११०० | ५०० | ५५०००० |
| ८ | परिक्षा शुल्क विद्यालय संख्या | ५५ | ५००० | २७५००० |
| ९ | अन्य प्रशासनिक सेवा शुल्क - मूल्याङ्कन समेत) | २२०० | १००० | २२००००० |
| १० | अन्य | ३००० | २५० | ७५०००० |
| | | | **जम्मा** | **७६०००००** |

स्रोतः राजस्व सुधार सम्बन्धी तथ्याङ्क विश्लेषण (नगरपालिकाको आर्थिक ऐन अनुसार)

**सुधार गर्नुपर्ने पक्षहरूः**

नगरपालिकाले सिफारिश तथा प्रमाणीकरण गर्नु पूर्व दस्तुर बुझाउनु पर्ने व्यवस्था गर्नु पर्दछ । सिफारिशको प्रकृति हेरी दस्तुरको दर निर्धारण गर्ने, उदाहरणका लागि अङ्गिकृत नागरिकता सिफारिशको लागि वंशज नागरिकता सिफारिशको भन्दा बढी दस्तुर निर्धारण गर्नु उपयुक्त हुन्छ ।

**(च) पर्यटन शुल्कः** स्थानीय तह सञ्चालन ऐनको दफा ६२ (१) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, बञ्जिजम्प, प्यारागलाइडिङ लगायतका स्थानीय

पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकूद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था:** यस नगरपालिकामा पर्यटन शुल्क शीर्षक अन्तर्गत आ.व.२०७८/०७९ मा राजस्व प्राप्त गर्ने लक्ष्य लिएका देखिँदैन ।

**शुल्कको सम्भावना:** यस नगरपालिका क्षेत्रमा ताल पोखरीहरू, हिमाली दृश्यहरू देखिने लगायतका लेक तथा मनोरम डाँडाहरू, हाइ अल्टिच्यूडमा सञ्चालन हुनसक्ने विभिन्न साहसिक खेलकूदहरू, गर्दै जान सकिने पर्यटकीय पदमार्ग, क्षेत्रमा विकास गर्न सकिने धार्मिक पर्यटकीय स्थलहरू रहेको हुनाले आन्तरिक तथा वाह्य पर्यटकहरूलाई आकर्षण गरी पर्यटन क्षेत्रको विकासबाट पर्यटन शुल्क प्राप्त गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** यस नगरपालिका क्षेत्रमा पर्यटन विकासको प्रचुर सम्भावना बोकेका स्थलहरू रहेको हुँदा नगरपालिका, प्रदेश तथा सङ्घीय सरकारको बजेट तथा समपूरक अनुदानबाट त्यस्ता पर्यटकीय क्षेत्रहरूमा पर्यटन पूर्वाधारको विकास गरी पर्याप्त प्रचार प्रसार गर्नु वाञ्छनीय देखिन्छ ।

**(छ) सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय:** स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था:** यस नगरपालिका क्षेत्रमा रहेका सामुदायिक वनबाट आ.व.मा वन पैदावार बिक्री वापत नगरपालिकाको सञ्चित कोषमा प्राप्त भएको देखिदैन । आ.व. २०७८/०७९ मा यस शीर्षकबाट रु आम्दानी हुने अनुमान गरिएको छैन ।

**सम्भावना:** यस नगरपालिका क्षेत्रमा रहेका सामुदायिक वनबाट टिमुर, च्याउ, काउलो जस्ता वस्तुहरू सङ्कलन गरी बिक्री वितरण हुन सक्ने भएकोले यस्ता कार्यहरूलाई पनि नियमन गरी सामुदायिक वनको आम्दानीमा समावेश गर्न सकेमा यसबाट नगरपालिकाले थप राजस्व प्राप्त गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** नगरपालिका क्षेत्रमा रहेका सबै सामुदायिक वन तथा वन पैदावार सम्बन्धी अभिलेख सङ्कलन गरी कार्ययोजना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने देखिन्छ । सामुदायिक वनबाट प्राप्त गरेको आम्दानीको खर्च सामुदायिक वनको हितमा र वातावरणीय संरक्षण तथा जैविक विविधता संरक्षणमा मात्र खर्च गर्न पाउने प्रावधानको व्यवस्था गर्नु उचित देखिन्छ ।

समग्रमा यस नगरपालिकामा आन्तरिक राजस्वका विभिन्न शीर्षकहरूमा थप स्रोत साधन परिचालन हुने सम्भावना रहेकोले आगामी वर्षहरूमा औद्योगिक ग्राम स्थापना गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम स्थानीय स्तरमा छरिएर रहेका उद्योग व्यवसायहरूलाई एकीकृत रूपमा व्यवस्थित गरी रोजगारीका थप अवसरहरू सिर्जना गर्न सकिने छ । यसबाट दुर्गम क्षेत्रमा रहेका विपन्न महिला, बालबालिका, दलित तथा अन्य सीमान्तकृत समुदायको जीवनस्तर सुधारमा महत्वपूर्ण सहयोग पुग्नेछ ।

# परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता र सङ्कलन अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई संक्षिप्त रूपमा व्याख्या गरिएको छ। यसबाट नगरपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

नगरपालिकाको चालु बजेट मार्फत पनि राजस्व प्रशासनलाई अझ बढी प्रभावकारी बनाउने नीति लिइएको छ। यसका लागि जनशक्ति व्यवस्थापन राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्बन्धी कार्ययोजना तर्जुमा करदाताहरूको पहिचान, कर तथा गैरकरका स्रोतहरूको पहिचान गरी करको दायरा बढाउने, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक गर्ने जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ। वडास्तरमा कार्यरत कर्मचारीहरूलाई प्रभावकारी सेवा प्रवाह र राजस्व सङ्कलन कार्यमा परिचालन गर्नुका साथै कम्प्युटर सफ्टवेयर सहित भौतिक पूर्वाधारहरूको विकास गर्नुपर्ने देखिन्छ। नगरपालिका तथा वडास्तरमा कार्यरत राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरूलाई राजस्व परिचालन सम्बन्धी अभिमुखीकरण तालिम महत्वपूर्ण हुने देखिन्छ।

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| क) सङ्गठनात्मक व्यवस्था | प्रशासन शाखाको मातहतमा रहेको | दर र दायरा स्पष्ट गर्नुपर्ने |
| राजस्व शाखाको व्यवस्था सङ्गठन संरचनामा छ छैन ? | छैन | छैन |
| राजस्व शाखामा कुन तहका कति दरवन्दी छन् ? र हालको पदपूर्तिको अवस्था कस्तो छ ? | सहायक चौंथो | छैन |
| राजस्व शाखाले गर्ने कामका लागि कार्य विवरण छ कि छैन ? | छैन | खटाएको काम गर्नु भनी जिम्मेवारी तोकिएको छ |
| कर्मचारीहरूलाई उनीहरूको जिम्मेवारी स्पष्ट र लिखित रूपमा दिईएको छ छैन ? | छैन | छैन |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| कर्मचारीहरूलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | आंशिक छ | छैन |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवेयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छ | व्यवस्थित गरिनु पर्ने |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | छैन | राजस्व परामर्श समितिलाई तालिमको आवश्यकता । |
| राजस्व परिचालनका लागि वडालाई दिईएको जिम्मेवारी के छ ? | राजस्व परिचालन | समयसमयमा क्षमता बिकास तालिम को व्यवस्था गर्नु पर्ने |
| ख) राजस्व प्रशासन सञ्चालनको अवस्था | | |
| करदाताहरूको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरू – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | अपर्याप्त छ | राम्रोसँग प्रयोगमा नआएको |
| गाँउ/नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरूको विवरण तथा सोको परिचालन कस्तो छ ? | छैन | नेपाल सरकारले जारी गरेको पाम्स प्रणालीमा लैजानु पर्ने |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सही रूपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | छैन | कार्यान्वयनको चरणमा रहेको |
| चुहावट हुन सक्ने सम्भावनाहरू के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | सफ्टवेयरको प्रयोग गरिएको छ | छैन |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | छैन | व्यवस्था भए पनि कार्यान्वयनमा नरहेको तथा आर्थिक ऐनमा नै व्यवस्था गर्नुपर्ने । |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरूमा कसरी लागु गरिएको छ ? | सफ्टेवरको प्रयोगबाट | समयमा कर तिर्ने करदातालाई पहिचान गरि छुट र ढिलो आउने लाई जरिवानाको व्यवस्था गर्ने । |
| करदाताहरूलाई उनीहरूले तिर्नुपर्ने कर रकमबारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | आर्थिक ऐनको प्रकाशन गरिन्छ | |
| गाँउ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्ने सक्ने व्यवस्था के-कस्तो छ ? | छैन | उजुरि आएको छैन |
| राजस्व शाखाको कार्य प्रक्रिया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | छैन | सफ्टवेयरमा प्रणालीमा लैजानु पर्ने चुहावट नियन्त्रणको कडा व्यवस्था गरिनु पर्ने |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | छैन | राम्रो सम्बन्ध बढाउन पर्ने |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरूलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के-कस्तो कार्य गरिएको छ ?<br>(शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, वेब साईट आदि) | छैन | नियमीत गर्नुपर्ने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरूको सहभागीता कस्तो छ ? | छ | छैन |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरूको प्रभावकारिता कस्तो छ ? (बैठक सङ्ख्या, निर्णयहरू आदि) | वर्षमा १ पटक | प्रत्येक महिनामा राख्नुपर्ने |
| राजस्व असुलीमा सरोकार पक्षहरूको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | छैन | जन चेतना फैलाउने |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | छैन | थप व्यवस्थित गर्ने |
| आयका स्रोतहरूको अभिलेख व्यवस्था कस्तो छ ? | अप्रयाप्त | थप व्यवस्थित गर्ने |
| गाँउ/नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | छ | थप व्यवस्थित गर्ने |
| आयको आलेप तथा मलेप हुने गरेको छ छैन ? छ भने आएका बेरुजुहरू कसरी सम्बोधन भएका छन् ? | छ | |

स्थानीय जनता जागरूक नहुँदा वा जानकार नहुँदा सबै करदाताहरूले समयमै कर नबुझाउने तथा कर आवश्यक काम पर्दा मात्र राजस्व बुझाउने चलन रहेको छ । आन्तरिक आय उठाउन सक्ने तर हालसम्म नउठाएका आय शीर्षकहरू तथा सोको परिचालन गर्ने उपाय:

| सम्भाव्य भए पनि हालसम्म नउठाएका आय शीर्षकहरू | लागु नहुनुको कारण | परिचालन गर्ने उपाय |
|---|---|---|
| घर बहाल कर | जनशक्ति अभाव र उत्तरदायी नहुनु | जनशक्ति व्यवस्थापन र करदातालाई समयमा जानकारि दिने |
| जडिवुटी कर | कानुनको अभाव | कानुन निर्माण गर्ने |
| विज्ञापन कर | कानुनको अभाव | कानुन निर्माण गर्ने |

## ४.२ राजस्व परिचालन सम्बन्धी संस्थागत क्षमता

नगरपालिकामा स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिकाका उपाध्यक्षको संयोजकत्वमा राजस्व सम्बन्धी परामर्शका लागि ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरिएको छ ।

**तालिका १६: राजस्व परामर्श समिति**

| क्र.सं. | नाम | प्द | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १. | कल्पना पुन | नगर उपप्रमुख | संयोजक |
| २. | राम बहादुर हमाल | सदस्य | सदस्य |
| ३. | मोहनलाल खड्का | सदस्य | सदस्य |
| ४. | पुष्पा कुमारी डांगी | सदस्य | सदस्य |
| ५. | शोवाराम बस्नेत | सदस्य | सदस्य |
| ६. | हेमन्त प्रकाश बस्नेत | सदस्य सचिव | सदस्य सचिव<br>राजस्व अभिलेख, सार्वजनिकीकरण सम्बन्धित कार्य गर्ने<br>राजस्व असुली तथा सङ्कलन गर्ने<br>राजस्व बिलिङ गर्ने<br>राजस्व सफ्टवेयर सञ्चालन गर्ने<br>लेखा अधिकृतलाई सहयोग गर्ने |

यस राजस्व समितिले समय समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजस्वका दरहरू नगरपालिकामा सिफारिश गर्ने लगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ।

नगरपालिकाको राजस्व सङ्कलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छ।

- नगरपालिकाको सङ्गठन संरचना तयार भएको देखिँदैन । गाउँसभाबाट सङ्गठन संरचना तयार गर्ने तथा राजस्व शाखा गठन गर्नुपर्ने देखिन्छ।
- नगरपालिकामा हाल कुल ६६ जना कर्मचारी कार्यरत रहेको देखिन्छ भने राजस्व सम्बन्धी काम गर्न खरिदार चौथो  एक जना कर्मचारी खटाएको देखिन्छ।
- राजस्व शाखामा कार्यरत कर्मचारीको सेवाग्राही प्रतिको व्यवहार सामान्य र नम्र रहेको।
- राजस्व सङ्कलनका लागि नगरपालिकामा कम्प्युटर सफ्टवेयर प्रयोग भएको तर वडास्तरमा कम्प्युटर सफ्टवेयर प्रयोग हुन बाँकी रहेको।
- वडा कार्यालयबाट पञ्जीकरण, सिफारिश गर्ने गरेको तथा अन्य कर तथा गैरकर नगरपालिकाको कार्यालयबाटै सङ्कलन हुने गरेको।
- राजस्व सङ्कलन सम्बन्धमा कुनैपनि कार्यविधि नभएकाले राजस्व सङ्कलन गर्दा शीर्षकहरू चयनमा अस्पष्टता रहेको।
- राजस्व सङ्कलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको।
- हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मूल्याङ्कन नभएको।

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालनः

नगरपालिकाको आ.व. २०७८।७९ को यथार्थ आयको अध्ययन गरी तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिएको छ । यी दुई वर्षको आय अध्ययन गर्दा उक्त वर्षहरूमा नगरपालिकाको आय परम्परागत स्रोतहरू मूलतः मालपोत, दर्ता, नवीकरण, सिफारिश लगायतमा आधारित भएको पाइन्छ । यस नगरपालिकाले विगत आ.व.हरूमा सङ्कलन गरेको यथार्थ तथा चालु आ.व.का लागि गरेको प्रस्तावित आन्तरिक आय सम्बन्धी बिस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका १७: आन्तरिक आय सङ्कलनको अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| | भूमि कर (मालपोत) | वडा तथा नगरबाट | भएको | भएको |
| | सम्पत्ति कर | छ | भएको | भएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | भएको |
| | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| | व्यवसाय कर | छ | भएको | भएका |
| | जडीवुटी, कबाडी र जिवजन्तु कर | छैन | नभएको | नभएका |
| | विज्ञापन कर | छ | नभएको | भएको |
| | मनोरञ्जन कर | छ | नभएको | भएको |
| ख. | अन्य राजस्व | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छैन | नभएको | नभएको |
| | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | नभएको | भएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | छैन | नभएको | नभएको |
| | नक्सापास दस्तुर | छ | भएको | भएको |
| | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | छ | भएको | भएको |
| | बहाल बिटौरी शुल्क | छ | नभएको | भएको |
| | पार्किङ्ग शुल्क | छ | नभएको | भएको |
| | अस्पताल सञ्चालन | छैन | नभएको | नभएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | छ | भएको | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| | स्थानीय विद्युत महसुल | छैन | नभएको | नभएको |
| | केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, वञ्जिजम्प, जिपप्लाईर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छैन | नभएको | नभएको |
| | निर्माण, संचालन र व्यवस्थापन गरेको गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क ( खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुलआदि | छैन | नभएको | नभएको |
| | मूल्याङ्कन सेवा शुल्क | छैन | नभएको | नभएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | छ | भएको | भएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छैन | नभएको | नभएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| | दण्ड जरिवाना | छ | भएको | भएको |

तालिकाबाट यस बागचौर नगरपालिकाको आय संरचना हेर्दा माथि उल्लेख गरिए अनुसार आन्तरिक आयको हिस्सा निकै कमजोर देखिन्छ र बागचौर नगरपालिकाको समग्र आयको प्रमुख स्रोतको

रूपमा सङ्घ तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान र कार्यक्रम वापतका रकम नै रहेको देखिन्छ ।

## ४.४ राजस्व परिचालनमा रहेका सबालहरू

नेपालको संविधान तथा स्थानीय तह सञ्चालन ऐन २०७४ लगायतका कानुनले प्रदान गरेका वित्तीय अधिकार अनुसार राजस्व परिचालनमा सुधार ल्याउन योजनाबद्ध प्रयासको जरुरत पर्दछ । नगरपालिकासँग सम्बन्धित यस्ता केही महत्वपूर्ण सबालहरू छन् जुन प्रभावकारी राजस्व परिचालनका लागि नगरपालिकाले सम्बोधन गर्नुपर्ने देखिन्छ ।

### (क) राजस्व प्रशासनका लागि उपयुक्त सङ्गठन निर्माण तथा क्षमता विकास

यस नगरपालिकामा राजस्व सम्बन्धी कार्यका लागि पदका कर्मचारीहरूलाई जिम्मेवारी दिइएको भए तापनि छुट्टै राजस्व शाखाको व्यवस्था भएको देखिँदैन । कर्मचारीहरूको विद्यमान अवस्थाबाट कार्यबोझका आधारमा विभिन्न शाखा, उपशाखा तथा इकाइहरूको लागि आवश्यक कर्मचारीहरूको व्यवस्था गरी क्षमता अभिवृद्धि सम्बन्धी तालिमको अवसर उपलब्ध गराउनु पर्ने देखिन्छ ।

### (ख) तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिकरण प्रणालीको विकास

नगरपालिकामा विभिन्न सम्पत्ति कर, भूमिकर, व्यवसाय कर तथा अन्य कर, शुल्क तथा दस्तुर बुझाउने करदाताहरूको संस्थाको यकिन तथ्याङ्क उपलब्ध नभएको हुँदा सबै किसिमका करदाताहरूको विवरण सङ्कलन गरी नियमित अद्यावधिकरणको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसले करदाताहरूको यथार्थ विवरण, करको दर तथा राजस्वको सम्भावित परिमाण अनुमान गर्न आधार प्रदान गर्दछ । आगामी वर्षहरूको लागि राजस्व नीति तर्जुमा, राजस्वको प्रक्षेपण, राजस्व असुलीको अनुगमन प्रभावकारी गराउनका लागि तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिकरण हुनु आवश्यक देखिन्छ ।

### (ग) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि निर्माणः

नगरपालिकामा विभिन्न करका शीर्षकहरूबाट सङ्कलन गरिने आय, सङ्कलन गर्ने तरिका, करको दर निर्धारण, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता कार्य सञ्चालन सम्बन्धी आवश्यक नीति तथा कार्यविधि निर्माण गर्नुपर्दछ ।

### (घ) सम्भाव्य राजस्व स्रोतका आधारहरूको विश्लेषणः

यस बागचौर नगरपालिकाको आर्थिक विकासका आधारहरू तथा सम्भाव्य क्षेत्रहरू कृषि, पशुपलान, पर्यटन, जडीवुटी सङ्कलन, साना तथा घरेलु उद्योग लगायतका क्षेत्रमा नगरपालिकाले लगानी वद्धि गर्नुपर्दछ । यसबाट आर्थिक गतिविधिमा व्यवसायिकता, आयआर्जनमा वृद्धि, स्थानीय कच्चा पदार्थहरूको उत्पादन, सङ्कलन, प्रशोधन, बजारीकरण र रोजगारी सिर्जनामा योगदान पुग्दछ ।

उद्यमशीलताको विकासले उत्पादनको साथसाथै आम्दानीमा वृद्धि गर्ने हुँदा कर तिर्न क्षमतामा सुधार भई गाँउपालिकाको राजस्व वृद्धिमा सहयोग पुग्नेछ ।

### (ङ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

संविधान तथा कानुनको प्रावधान बमोजिम नगरपालिकाको राजस्व सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नुपर्दछ । राजस्व प्रशासनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय हुनुका साथै यसको प्रक्रिया पारदर्शी र नागरिकप्रति जवाफदेहि हुनुपर्दछ । नगरपालिकाको आयव्ययको विवरण आवधिक रूपमा प्रकाशन गर्नु, सङ्कलित राजस्व सार्वजनिक गर्नु पारदर्शीता अभिवृद्धिका उपयुक्त विधि हुन सक्दछन् । स्थानीय सञ्चार माध्यमहरूको प्रयोग गरी कर तथा गैरकर सम्बन्धमा सचेतना अभिवृद्धि गर्न सकिएमा राजस्व सङ्कलनमा जनताको सहयोग प्राप्त हुन सक्छ ।

### (च) समन्वय संयन्त्र निर्माण

नगरपालिकामा राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुर दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण, असुल गरिएको राजस्वको बाँडफाँड तथा रकम दाखिला जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा वाह्य निकायहरूसँग समन्वय आवश्यक हुन्छ । राजस्व बाँडफाँड सम्बन्धमा सङ्घ, प्रदेश र नगरपालिकासँग समन्वय गर्न एक समन्वय संयन्त्रको निर्माण गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना

प्राथमिक तथा द्वितीय स्रोतहरूबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको विश्लेषण गरी तयार पारिएको यस नगरपालिकाको राजस्व सुधार परियोजना यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजनाहरू यस प्रकार रहेका छन्:

**तालिका १८: राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.राजस्व सम्बन्धी कानुनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने । | १. नगरपालिकामा राजस्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरू तर्जुमा गरी तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गर्दै अझ बढी व्यवहारिक बनाउँदै लगिनेछ ।<br>२. कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवम् विषय क्षेत्रसँग आवद्ध गराउँदै निजीक्षेत्रबाट थप लगानी गर्न प्रोत्साहित गरिएको थियो ।<br>३. कर, शुल्क, सेवा शुल्कको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरूसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गर्दै लगिनेछ ।<br>४. जनताको कर तिर्ने क्षमताका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशील बनाइने छ ।<br>५. थप राजस्वका स्रोतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य थप स्रोत पहिचानका साथै वर्तमान राजस्व स्रोतको दायरा वृद्धि गर्न यसको वास्तविक तथ्याङ्क सङ्कलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रूपमा करदाताहरूको सङ्ख्या बढाउँदै लगिनेछ ।<br>६. सम्पत्ति मूल्याङ्कन सम्बन्धी सिफारिशलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एकरुपता कायम गरिएको थियो ।<br>७. आन्तरिक राजस्वका विभिन्न स्रोतहरूबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरूको यकिन तथ्याङ्क, सूचना सङ्कलन गर्न कार्यदलहरू बनाई वडागत रूपमा परिचालन गरिएको थियो । करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिएको थियो ।<br>८. नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरूको विकास गरिएको थियो । यसका लागि नगरपालिकामा रहेका |

| रणनीति | कार्यनीति |
|---|---|
| | ऐतिहासिक धरोहर तथा प्राकृतिक सम्पदाको संरक्षण तथा विकासका लागि निजी क्षेत्रसँग साझेदारीको समेत पहल गरिएको थियो । |
| | ९. पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा छिमेकी नगरपालिका, निजी क्षेत्र र करदता लगायतका अन्य सरोकारवालासँग समेत छलफल तथा सहकार्य गरिएको थियो ।<br>१०. नियमित एवम् बढी कर तिर्ने करदातालाई सम्मान गरिएको थियो र कर नतिर्ने तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ । |
| २.राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने | १. नगरपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरूलाई प्रभावकारी कार्यान्वयन गर्न राजस्व शाखाको सुदृढीकरण गरी क्षमतावृद्धि गरिएको थियो ।<br>२. नगरपालिकाको राजस्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिएको थियो ।<br>३. राजस्व शाखा र वडा कार्यालयका कर्मचारीहरूको क्षमता गरिएको थियो र वडास्तरमा कर असुली गर्ने व्यवस्था मिलाईने छ ।<br>४. राजस्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध गरिएको थियो । स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवम् वडास्तरमा सञ्चालन गरिएको थियो । यसका लागि स्थानीय सञ्चार माध्यमहरूको समेत उपयोग गरिएको थियो ।<br>५. प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान र अन्तर्क्रिया गरिएको थियो ।<br>६. राजस्व लेखापाललाई कम्प्युटरकृत गरिएको थियो र विद्युतीय माध्यमबाट नै राजस्वको प्रतिवेदन र फाँटवारी बनाइने छ ।<br>७. प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्नेगरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिएको थियो । |
| ३.राजस्व प्रणालीलाई सरल, सहज, करदाता | १. कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरूमा नागरिकहरूको पहुँच बढाइनेछ। कर/राजस्व सूचना जानकारी अर्धवार्षिक एवम् वार्षिक प्रतिवेदन नगरपालिकाका वेभसाईटमा |

| रणनीति | कार्यनीति |
|---|---|
| मैत्री पारदर्शी, र समावेशी बनाउने । | राखिने छ । साथै यस्तो सूचनाहरू नगरपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाईने छ ।<br>२. दलित महिला, अपांगता भएका व्यक्ति, गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरूलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ ।<br>३. कर सङ्कलन प्रक्रियालाई सहज र पारदर्शी बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीको विकास गरिएको थियो । |
| ४.समन्वय र सहकार्यको अभिवृद्धि गरिएको थियो । | १. पर्यटन शुल्क तथा ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, बिक्री तथा बजार व्यवस्थाका सम्बन्धमा छिमेकका अन्य गाउँपालिका तथा नगरपालिकासँग समेत समन्वय तथा सहकार्य गरिएको थियो ।<br>२. बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरिएको थियो ।<br>३. कर सङ्कलनमा सम्भवभएसम्म निजी क्षेत्र, उपभोक्ता समिति एवम् सहकारी संस्थासँग सहकार्य गरिएको थियो ।<br>४. राजस्व सँग सम्बन्धित विषयमा छिमेकी स्थानीय तहहरूसँग समन्वय बैठक आयोजना गरी राजस्व सङ्कलनका सवालहरूबारे छलफल तथा समन्वय गरिएको थियो ।<br>५. राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको अन्तर्क्रिया सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

### ५.१.१ राजस्व सुधार कार्ययोजना

नगरपालिकाबाट सङ्कलित सूचना तथा तथ्याङ्कको विश्लेषण र सरोकारवालापक्षको सहभागितामूलक छलफलका आधारमा यस बागचौर नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार पारिएको छ । प्रस्तुत गरिएको कार्ययोजिना नगरपालिका र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भै कार्यान्वयनमा आउने विश्वास लिइएको छ ।

**तालिका १९: राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| क. कर तथा गैर कर राजस्व | | | |
| सम्पत्ति कर | - सम्पत्ति मूल्याङ्कनको आधार र कर प्रक्रिया निर्धारण गर्ने<br>- सम्पत्ति कर सञ्चालन सफ्टवेयर निर्माण गरी तालिमको व्यवस्था गर्ने<br>- आफ्नो सम्पत्ति मूल्याङ्कनमा चित्त नबुझ्ने करदाताले उजुरी दिने र यसको छिनोफानो गर्न नगरपालिकाको उपाध्यक्षको संयोजकत्वमा उजुरी सुनुवाई समिति गठन गर्ने | २०७९ असार मसान्तसम्म | • राजस्व परामर्श समिति,<br>• नगरपालिका नगरसभा |
| व्यवसाय कर | - नगरपालिकाको सबै वडाका व्यवसायीहरूलाई व्यवसाय दर्ताका लागि सूचना जारी गरी दर्ता अनिवार्य गराउने | २०७९ असार मसान्तसम्म | • प्रमुख प्रशासकीय अधिकृत र वडा कार्यालयहरू |
| | - व्यवसायीहरूसँग नियमित छलफल र अन्तरर्क्रिया गर्ने | नियमित | नगरकार्यपालिका |
| | - व्यवसायको वर्गिकरण र क्षेत्र निर्धारण गर्ने | २०७९ असार मसान्तसम्म | |
| पूर्वाधार उपयोग शुल्क | - पूर्वाधार उपयोग महशुल दर निर्धारण गर्ने र उपयुक्त तवरले शुल्क उठाउने<br>- साझा सडकमा शुल्क लगाउन छिमेकी स्थानीय तहसँग समन्वय गर्ने | २०७९ असार मसान्तसम्म | • नगरसभा<br>• नगरपालिकाका<br>• भूमिकर मालपोत |
| घर जग्गा बहाल कर | - घरधनीहरूको विवरण सङ्कलन गर्ने ।<br>- घरधनीहरूसँग अन्तरर्क्रिया गरी घरबहाल कर स्वघोषणा गर्न लगाउने | २०७९ पौष मसान्तसम्म | • राजस्व परामर्श समिति<br>• राजस्व शाखा |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | | | |
| बहाल बिटौरी शुल्क | - सार्वजनिक जग्गाहरूको पहिचान गरी नापनक्सा अद्यावधिक गर्ने | २०७९ पौष मसान्तसम्म | ● नगरकार्यपालिका<br>● राजस्व परामर्श समिति |
| | - सार्वजनिक जग्गाहरूमा बसपार्क, कृषि हाटबजार, सङ्कलन केन्द्र, अस्थायी टहरा, शौचालय निर्माण गरी बहालमा लगाउने | आ.व. २०७९/०८० देखि | ● नगरकार्यपालिका |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | - महिला पुरुष छुट्टिने गरी घरजग्गा स्वामित्वको अभिलेख राख्ने<br>- प्रदेश सरकारबाट महशुल दर निर्धारण भए बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर उठाउने/मालपोत कार्यालयबाट प्राप्त गर्ने | २०७९ श्रावण | ● नगरकार्यपालिका |
| प्राकृतिक स्रोत तथा कृषि उपजको बिक्रि | - जडीवुटी, कबाडी र जीवजन्तु कर व्यवस्थापन कार्यविधि निर्माण गर्ने<br>- सरोकारवाला पक्षहरूसँगको छलफल तथा कार्यशाला आयोजना गरी करको आधार, दायरा, मूल्याङ्कन र दर निर्धारण गर्ने ।<br>- व्यवसायिक कृषि उपजको सङ्कलन केन्द्र तथा पशु हाटबजार स्थापना गरी कर असुल गर्ने<br>- जडीवुटीको पहिचान तथा उपादेयताबारे पदाधिकारी तथा | २०७९ असार मसान्तसम्म | ● नगरपालिका र सम्बन्धित शाखा |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | राजस्व कर्मचारीहरूलाई तालिम प्रदान गर्ने<br>- अन्य प्राकृतिक स्रोतहरूको बिक्री मुल्य निर्धारण गरी सङ्कलन गर्ने | | |
| विज्ञापन कर | - विज्ञापन करको आधार, दायरा तथा दर निर्धारण गर्न कार्यशाला आयोजना गर्ने ।<br>- विज्ञापनको वर्गीकरण गरी त्यसको आधारमा करको दर निर्धारण गर्ने | २०७९ असार मसान्तसम्म | नगरकार्यपालिका |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | - नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गरी अनुमति नलिई सञ्चालनमा रहेकालाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।<br>- नगरपालिकाको आर्थिक ऐनमा दर्ता तथा अनुमती दस्तुरको दर निर्धारण गर्ने<br>- वर्गीकरण अनुसार व्यवसाय दर्ता तथा नवीकरण दस्तुर असुल गर्ने | २०७९ चैत्र मसान्त | • नगरपालिका, वडा कार्यालय, राजस्व शाखा |
| अचल सम्पत्ति मूल्याङ्कन शुल्क | - घरजग्गा मूल्याङ्कन र अचल सम्पत्ति मूल्याङ्कन गरी अभिलेख अद्यावधिक गर्ने | २०७९ असार मसान्तसम्म | • वडा कार्यालय |
| पर्यटन सेवा शुल्क | - पर्यटकीय स्थलहरूमा प्रवेश व्यवस्थित गर्ने<br>- पर्यटकीय सेवाहरूको व्यवस्थापन गरी शुल्क लगाउने | २०७९ असार मसान्तसम्म | • नगरकार्यपालिका, योजना शाखा |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| नक्सा पास दस्तुर | - प्राविधिक जनशक्तिको क्षमता विकास गर्ने<br>- नक्शापास अनिवार्य गर्ने, यसका लागि सबै वडाहरूमा प्रचार-प्रसार गर्ने<br>- घरको संरचना, तला र किसिमको आधारमा नक्सा पास दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्ने | निरन्तर | ● प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक शाखा |
| पानी मुहान दर्ता गर्ने | - पानी मुहान दर्ता गर्ने बारे सरोकारवालाहरूलाई जानकारी गराउने | २०७९ असार मसान्तसम्म | ● वडा कार्यालय |
| सामुदायिक वन | - सामुदायिक वनहरूबाट उत्पादन हुने/प्राप्त हुने वस्तुहरूको पहिचान गरी तथ्याङ्क सङ्कलन गर्ने | २०७९ श्रावण मसान्तदेखि | नगरकार्यपालिका |
| ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र | | | |
| पूर्वाधार निर्माण गर्ने | - सडकहरूको स्तरोन्नति तथा कालोपत्रे गर्ने<br>- होमस्टेहरूको स्तरोन्नति र बिस्तार गर्ने<br>- बसपार्क, ढल निकास तथा प्रशोधन, फोहरमैला व्यवस्थापन आदि पूर्वाधारहरूको विकास गर्ने<br>- नीजि क्षेत्रको सहकार्यमा फोहरमैला सङ्कलन तथा व्यवस्थापन गर्ने र शुल्कदर निर्धारण गर्ने । | २०७९ श्रावण देखि | नगरपालिका र प्राविधिक शाखा |
| धार्मिक तथा पर्यटकीय स्थल, पार्क निर्माण | - नगरपालिकामा रहेका थप धार्मिक तथा पर्यटकीय स्थलहरूको प्रवर्द्धनका लागि | आ.व. २०७९/८० | ● नगरकार्यपालिका, निजी क्षेत्र |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| तथा विकास, संरक्षण र प्रवर्द्धन | पर्यटकीय प्याकेजको कार्यक्रम सञ्चालन गर्ने<br>- नगरपालिकाको रमणीय क्षेत्रमा पार्कहरूको निर्माण गर्ने र ती पार्कहरूको व्यवस्थापन र संरक्षणका लागि शुल्क निर्धारण गर्ने | | |
| ग. मानवीय क्षमता विकास तथा राजस्व प्रशासन | | | |
| मानवीय क्षमता विकास | - राजस्व शाखाको दरबन्दी अनुरुप जनशक्ति व्यवस्थापन गरी राजस्व सङ्कलनमा शाखालाई जिम्मेवार बनाउने<br>- नगरपालिकाको राजस्व अधिकारका क्षेत्रमा नगरकार्यपालिकाका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने<br>- नगरपालिका तथा वडा कार्यालयका कर्मचारीहरूलाई कर तथा राजस्व प्रशासन, अभिलेखन र सफ्टवेयर बारे तालिम प्रदान गर्ने<br>- व्यवसायीहरूलाई कर सम्बन्धी अभिमुखीकरण गर्ने<br>- करदाता प्रोत्साहन तथा दण्डको व्यवस्था लागु गर्ने | नियमित | ● नगरपालिका |
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | - सबै किसिमका कर तथा गैरकर तिर्ने करदाताहरूको तथ्याङ्क, सङ्कलन गरी करदाताको व्यक्तिगत फाईल तयार गर्ने<br>- महशुलयोग्य पूर्वाधारहरू ( सडक, खानेपानी, बसपार्क, | २०७९ श्रावण देखि | ● वडाकार्यालय, राजस्व शाखा, प्राविधिक शाखा |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | मनोरञ्जनपार्क आदि) को अभिलेख तयार गर्ने | | |
| राजस्व सङ्कलन तथा अभिलेख | - राजस्व अभिलेख सम्बन्धी एकीकृत (अनलाईन) सफ्टवेयर तयार पार्ने<br>- करदाताको विवरण सबै वडा तथा नगरपालिकाको कार्यालयको सोही सफ्ट्वेयरमा इन्ट्री गर्ने<br>- राजस्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने<br>- राजस्व सङ्कलन अभियान सञ्चालन गर्ने | नियमित | • नगरकार्यपालिका र वडा कार्यालयहरू |
| सूचना तथा पारदर्शिता | - एफ.एम रेडियो लगायतका स्थानीय सञ्चार माध्यमबाट राजस्व शिक्षा तथा करदाताहरूलाई कर तिर्न प्रोत्साहित गर्ने सूचना सम्प्रेषण गर्ने ।<br>- नगरपालिका र वडामा करको दररेट सहित नागरिक वडापत्र राख्ने<br>- राजस्व सङ्कलनको विवरण अर्धवार्षिक रुपमा प्रकाशन गर्ने | नियमित | • प्रमुख प्रशासकीय अधिकृत,<br>•वडा सचिवहरू |
| अनुगमन | - छुटेका करदातालाई करको दायरामा ल्याउन अनुगमनलाई नियमित गर्ने<br>- कर चुहावट नियन्त्रण गर्ने | नियमित | • कार्यपालिका तथा वडा कार्यालयहरू |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | - कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहन गर्ने | वार्षिक रुपमा ( गाँउ सभा गर्ने दिनमा) | • नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - बढी, नियमित, शुरुमा कर तिर्ने करदाताहरूलाई पुरस्कृत तथा सम्मान गर्ने | | |
| राजस्व प्रशासनको प्रभावकारिताका लागि बन्दोवस्ती | - राजस्व सम्बन्धी सफ्टवेयर खरिद तथा सञ्चालन गर्ने<br>- नगरपालिकामा राजस्व शाखाको लागि कार्यकक्ष, कम्प्युटर, प्रिन्टर, विद्युत व्याकअप सहितको सुविधा उपलब्ध गराउने<br>- राजस्व सम्बन्धी हेल्पडेस्कको स्थापना गर्ने<br>- राजस्व सङ्कलन सम्बन्धी ठेक्का पट्टाका लागि टेण्डर आह्वान गर्ने | २०७९ चैत्र मसान्तसम्म | • नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद छ: आगामी तीन वर्षको आय प्रक्षेपण

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७९/०८० देखि २०८१/०८२) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानिएको छ।

**तालिका २०: आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका आधारहरू**

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **क.** | **आन्तरिक आय तर्फ** | २७६५१.८५७ | |
| ११३१३ | सम्पत्ति कर | ११६७.३ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा ३६ प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमि कर (मालपोत) | १८१८.६५७ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा ३३ प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | २८७१.६ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा ३६ प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल बिटौरी शुल्क | ० | अनुमान नगरिएको |
| १४६११ | व्यवसाय कर | २४०४ | आ.व. २०७८/७९ मा ९५ प्रतिशत र त्यसपछिका आ.व.मा ३६ प्रतिशतले बढ्दै जान |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | ५१२५ | आ.व. २०७८/७९ मा ९५ प्रतिशत र त्यसपछिका आ.व.मा ३६ प्रतिशतले बढ्दै जान |
| | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | ० | अनुमान नगरिएको |
| | फोहरमैला व्यवस्थापन सेवा शुल्क | ८६३२.८ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा २२ प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ९५० | आ.व. २०७८/७९ मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा ३६ प्रतिशतले बढ्दै जाने |
| १४२२४ | परिक्षा शुल्क | २७५ | आ.व. २०७८/७९ मा कुल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा २२ प्रतिशतले बढ्दै जाने |
| १४२४१ | पार्किङ्ग शुल्क | ० | अनुमान नगरिएको |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १४२४२ | नक्सापास दस्तुर | ३५५ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा २२ प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सिफारिश तथा प्रमाणित दस्तुर | ० | अनुमान नगरिएको |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर र व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क | ० | अनुमान नगरिएको |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ० | अनुमान नगरिएको |
| १४२४९ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | अनुमान नगरिएको |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | अनुमान नगरिएको |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ० | अनुमान नगरिएको |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क ( मूल्याङ्कन समेत) | २२०० | आ.व. २०७८/७९ मा कुल संभावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा २२ प्रतिशतले बढ्दै जाने |
| १४२५४ | रेडियो एफ.एम.सञ्चालन दस्तुर | ० | अनुमान नगरिएको |
| १४५१ | सवारी साधन कर (साना सवारी) | ० | अनुमान नगरिएको |
| १४२५३ | व्यवसाय रजिष्ट्रशन दस्तुर | १८५२.५ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा २२ प्रतिशतले बढ्दै जाने |
| १४५२९ | अन्य राजस्व | ० | अनुमान नगरिएको |
| **ख** | **राजस्व बाँडफाँट** | **९७४३९.७७६** | |
| **ख.१** | **नेपाल सरकार** | **९३९५०.४७६** | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने | ४६३८३.५ | गत आ.को प्राप्त रकममा क्रमशः ६ प्रतिशतका दरले वृद्धि हुँदै |
| | मु.अ.कर | | जाने अनुमान |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ४६३८३.५ | गत आ.को प्राप्त रकममा क्रमशः ६ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३०० | गत आ.को प्राप्त रकममा क्रमशः ६ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| ११४५१ | बाँडफाँड भई प्राप्त सवारी कर | ८८३.४७६ | गत आ.को प्राप्त रकममा क्रमशः ६ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| **ख.२** | **प्रदेश सकार** | **३४८९.३** | |
| १४१७७ | प्रदेशसँग राजस्व बाँडफाँड | ० | अनुमान नगरिएको |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३३३५.८ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा २२ प्रतिशतले बढ्दै जाने |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | अनुमान नगरिएको |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १५३.५ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा २२ प्रतिशतले बढ्दै जाने |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | **४९९९२४** | |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **ग.१** | **नेपाल सरकार** | ४९९९२४ | |
| १३३११ | समानीकरण अनुदान | १३३९९२ | चालु आ.व.को अनुमानमा ६ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | ३१७७८२ | चालु आ.व.को अनुमानमा ६ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ३२१५० | |
| १३३१४ | विशेष अनुदान चालु | ४००० | चालु आ.व.को अनुमानमा ६ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ० | |
| १३३१६ | समपूरक अनुदान चालु | १२००० | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमशः ६ प्रतिशतले बढ्दै जाने |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | ० | |
| १३३१८ | अन्य अनुदान चालु | ० | अनुमान नगरिएको |
| | (सामाजिक सुरक्षा समेत) | ० | |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ० | |
| **ग.२** | **प्रदेश सरकार** | ० | |
| १३३११ | समानीकरण अनुदान | ० | अनुमान नगरिएको |
| १३३१२ | ससर्त अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१३ | ससर्त अनुदान पुँजीगत | ० | |
| १३३१४ | विशेष अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१५ | विशेष अनुदान पुँजीगत | ० | |
| १३३१६ | समपुरक अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१७ | समपुरक अनुदान पुँजीगत | ० | |
| १३३१८ | अन्य अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पुँजीगत | ० | |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | २०२७०७.९९८ | |
| १३४११ | अन्य संस्थागत आन्तरिक | २०२७०७.९९८ | चालु आ.व.को अनुमानमा ६ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| | अनुदान | ० | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक | ० | |
| | अनुदान | ० | |
| **कुल जम्मा** | | ८२७७२३.६३१ | |

## ६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व सङ्केत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ ।

**तालिका २१: चालु आ.व.को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण**

| राजस्व | राजस्व शिर्षक | यथार्थ | | | अनुमानित | सम्भाव्यता | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| संकेत | | ०७५ /०७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| **१००००** | **राजस्व तथा अनुदान** | ४१७,२०१,६३४.३५ | ४१४,२९९,०००.० | ५८९,४४५,६२८.३६ | ८१०,०८२,४७४.० | ८२७,७२३,६३१.० | ८७६,०५०,९९९.०१ | ९४५,७३७,६३८.५८ | १,०२३,७६७,१९२.६ |
| | **आन्तरिक आय** | ४,०००,६७३.७२ | ७७,९०४,०००.०० | ९,९८२,५२८.१४ | १०,०००,०००.०० | २७,६५१,८५७.०० | २६,३४८,२६४.१५ | ३४,५४१,७२४.३४ | ४५,३९०,६८६.०८ |
| ११३१३ | सम्पत्ति कर | | | ५४९,७३८.०० | ३००००० | ११६७३०० | ११०८९३५ | १,५०४,०९४.८६ | २,०४०,०६६.६९ |
| ११३१४ | भूमि कर/ मालपोत | | | १,०२७,७८४.०० | १५००००० | १८१८६५७ | १७२७७२४.१५ | २,३४३,३८४.४३ | ३,१७८,४३०.१९ |
| ११३२१ | घर बहाल कर | | | ६३४,७३९.०० | ८००००० | २८७१६०० | २७२८०२० | ३,७००,१२७.४८ | ५,०१८,६३७.४५ |
| ११३५१ | व्यवसाय कर | | | ७६१,५४०.०० | १५००००० | २४०४००० | २२८३८०० | ३,०९७,६१३.३३ | ४,२०१,४२२.३५ |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | | १८५२५०० | १७५९८७५ | २,३८६,९९१.९७ | ३,२३७,५७६.९२ |
| ११३२२ | बहाल बिटौरी शुल्क | | | | ५००००० | | ० | - | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | | | | ९५०००० | ९५०००० | १,२८८,५२४.६८ | १,७४७,६७९.८५ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | | | १,१२९,३४०.०० | २५००००० | ५१२५००० | ४८६८७५० | ६,६०३,६८८.९९ | ८,९५६,८५९.२२ |
| | (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | | | | | | ० | - | - |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क -मूल्याङ्कन समेत) | | | ५,८०६,२४७.१४ | २५००००० | २२००००० | २०९०००० | २,८३४,७५४.३० | ३,८४४,८९५.६६ |
| १४२२१ | न्यायिक दस्तुर | | | | | | ० | - | |
| १४२२४ | परीक्षा शुल्क | | | | | २७५००० | २७५००० | ३३५,७६५.५९ | ४०९,९५८.३० |
| ११६३१ | अन्य मनोरञ्जन कर | | | | १००००० | | ० | - | - |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | | | ० | - | - |
| १४५२२१ | प्रदूषण सुल्क | | | ७३,१४०.०० | ३००००० | ८६३२८०० | ८२०११६० | | १२,२२५,९४०.५५ |
| १४२४२ | नक्सापास दस्तुर | | | | | ३५५००० | ३५५००० | ४३३,४४२.८६ | ५२९,२१८.९० |
| १४२४३ | सिफारिश दस्तुर | | | | | | ० | - | - |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | | | ० | - | - |
| १४२४५ | नाता प्रमाणीत दस्तुर | | | | | | ० | - | - |
| १४२४९ | अन्य दस्तुर | | | | | | ० | - | - |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | | | ० | - | - |

| राजस्व | राजस्व शिर्षक | यथार्थ | | | अनुमानित | सम्भाव्यता | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| संकेत | | ०७५ /०७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | | | | ० | - | - |
| १४५२९ | अन्य राजस्व | | | | | | ० | - | - |
| १४२५४ | रेडियो एफ.एम.सञ्चालन दस्तुर | | | | | | ० | - | - |
| १४५१ | सवारी साधन कर (साना सवारी) | | | | | | ० | - | - |
| १५१११ | बेरुजु | | | | | | ० | - | - |
| | **राजस्व बाँडफाँड** | ५०९,४३४.६३ | ४४,४६८,०००.०० | ८४,३५४,२१६.२२ | ९७,४५०,४७६.०० | ९७,४३९,७७६.०० | १०३,१०५,६१०.१७ | ११७,८८२,६७४.६३ | १३५,४२४,०२८.७५ |
| | **सङ्घीय सरकार** | - | ४४,४६८,०००.०० | ८१,७५३,७९४.२२ | ९३,९५०,४७६.०० | ९३,९५०,४७६.०० | ९९,८२९,१५०.१७ | ११३,८८२,२२९.०४ | १३०,५३९,६२१.५३ |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | ४४,४६८,०००.०० | ८०,९३९,०४७.४८ | ४६३८३५०० | ४६३८३५०० | ४९,२८५,८१०.८२ | ६०,१७६,२८९.१८ | ७३,४७३,१९०.७५ |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | ४६३८३५०० | ४६३८३५०० | ४९,२८५,८१०.८२ | ५२,३६९,७२५.२० | ५५,६४६,६०६.४२ |
| १४१७१ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | | १२,२२९.३८ | ३००००० | ३००००० | ३१८,७७१.६२ | ३३८,७१७.८१ | ३५९,९१२.०८ |
| ११४५१ | बाँडफाँड भई प्राप्त सवारी कर | | | ८०२,५१७.३६ | ८८३४७६ | ८८३४७६ | ९३८,७५६.९१ | ९९७,४९६.८५ | १,०५९,९१२.२८ |
| | **प्रदेश सरकार** | | | २,६००,४२२.०० | ३,५००,०००.०० | ३,४८९,३००.०० | ३,२७६,४६०.०० | ४,०००,४४५.५९ | ४,८८४,४०७.२३ |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | २६००४२२ | ३५००००० | ३३३५८०० | ३,१६९,०१०.०० | ३,८६९,२५२.८१ | ४,७२४,२२५.३४ |
| | प्रदेशसंग राजस्व बाँडफाँड) | | | | | | - | | |
| ११४७१ | मनोरञ्जन कर | | | | | | - | | |
| | दहत्तर बहत्तर | | | | | | - | | |
| ११४७२ | विज्ञापन कर | | | | | १५३५०० | १०७,४५०.०० | १३१,१९२.७७ | १६०,१८१.८९ |
| | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | ४१२,६९१,५२६.०० | २९१,९२७,०००.०० | ४९५,१०८,८८४.०० | ४९९,९२४,०००.०० | ४९९,९२४,०००.०० | ५३१,२०५,२७१.०७ | ५६४,४४३,८७५.५० | ५९९,७६२,२८७.६४ |
| | सङ्घीय सरकार | ४१२,६९१,५२६.०० | २६२,६४१,०००.०० | ४९५,१०८,८८४.०० | ४९९,९२४,०००.०० | ४९९,९२४,०००.०० | ५३१,२०५,२७१.०७ | ५६४,४४३,८७५.५० | ५९९,७६२,२८७.६४ |
| १३३११ | समानीकरण अनुदान | २३७७७१००० | ४१९००००० | १२८,२६९,०००.०० | १३३९९२००० | १३३९९२००० | १४२,३७६,१५४.५४ | १५१,२८४,९२२.८४ | १६०,७५१,१३१.०६ |
| १३३१२ | ससर्त अनुदान चालु | १३२५७५४२५ | २२०७४१००० | ३५१,६७६,३२४.०० | ३१७७८२००० | ३१७७८२००० | ३३७,६६६,२७२.१८ | ३५८,७९४,७४४.०९ | ३८१,२४५,२६७.८६ |
| १३३१३ | ससर्त अनुदान पुँजीगत | | | | ३२१५०००० | ३२१५०००० | ३४,१६१,६९१.५१ | ३६,२९९,२५८.६८ | ३८,५७०,५७७.८२ |
| १३३१४ | विशेष अनुदान चालु | | | ११,७७८,६५९.०० | ४०००००० | ४०००००० | ४,२५०,२८८.२१ | ४,५१६,२३७.४७ | ४,७९८,८२७.७२ |
| १३३१५ | विशेष अनुदान पुँजीगत | | | | | ० | - | - | - |

| राजस्व | राजस्व शिर्षक | यथार्थ | | | अनुमानित | सम्भाव्यता | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| संकेत | | ०७५ /०७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| १३३१६ | समपूरक अनुदान चालु | | | ३,३८४,९०१.०० | १२०००००० | १२०००००० | १२,७५०,८६४.६४ | १३,५४८,७१२.४२ | १४,३९६,४८३.१७ |
| १३३१७ | समपूरक अनुदान पुँजीगत | | | | | ० | - | - | - |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | ४२३४५१०१ | | | | ० | - | - | - |
| | **प्रदेश सरकार** | - | २९,२८६,०००.०० | - | - | - | - | - | - |
| १३३११ | समानीकरण अनुदान | | ७०००००० | | | | - | - | - |
| १३३१२ | ससर्त अनुदान चालु | | २२२८६००० | | | | - | - | - |
| १३३१३ | ससर्त अनुदान पुँजीगत | | | | | | - | - | - |
| १३३१४ | विशेष अनुदान चालु | | | | | | - | - | - |
| १३३१५ | विशेष अनुदान पुँजीगत | | | | | | - | - | - |
| १३३१६ | समपूरक अनुदान चालु | | | | | | - | - | - |
| १३३१७ | समपूरक अनुदान पुँजीगत | | | | | | - | - | - |
| | **अन्य आन्तरिक अनुदान** | ० | ० | ० | २०२७०७९९८ | २०२७०७९९८ | २१५,३९१,८५३.६१ | २२८८६९३६४.१ | २४३१९०१९०.१ |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | | | २०२७०७९९८ | २०२७०७९९८ | २१५,३९१,८५३.६१ | २२८,८६९,३६४.११ | २४३,१९०,१९०.१२ |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान ( जनसहभागिता) | | | | | ० | - | | |

# परिच्छेद सातः अपेक्षित नतिजा

सारांशमा राजस्व सुधार कार्ययोजनाको पूर्ण कार्यान्वयन पश्चात् नगरपालिकाको आय संरचनालाई तलको तालिकामा दिईएको छ ।

**तालिका २२: नगरपालिकाको अपेक्षित आय संक्षेपमा**


| क्र.सं. | राजस्व शीर्षक | प्रस्तावित | प्रक्षेपित आय (आगामी तीन आ.व.कों | | |
|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | आन्तरिक आय | २७,६५१,८५७.०० | २६,३४८,२६४.१५ | ३४,५४१,७२४.३४ | ४५,३९०,६८६.०८ |
| २ | सङ्घीय राजस्व बाँडफाँडबाट प्राप्त आय | ९३,९५०,४७६.०० | ९९,८२९,१५०.१७ | ११३,८८२,२२९.०४ | १३०,५३९,६२१.५३ |
| ३ | प्रदेश राजस्व बाँडफाँडबाट प्राप्त आय | ३,४८९,३००.०० | ३,२७६,४६०.०० | ४,०००,४४५.५९ | ४,८८४,४०७.२३ |
| ४ | अनुदान | ४९९,९२४,०००.०० | ५३१,२०५,२७१.०७ | ५६४,४४३,८७५.५० | ५९९,७६२,२८७.६४ |
| ५ | अन्य आन्तरिक अनुदान | २०२७०७९९८ | २१५३९१८५३.६ | २२८८६९३६४.१ | २४३१९०१९०.१० |
| ६ | जनसहभागिता | | | | |
| | कुल आय | ८२७,७२३,६३१.०० | ८७६,०५०,९९९.०१ | ९४५,७३७,६३८.५८ | १,०२३,७६७,१९२.६० |
| | आन्तरिक आयको प्रतिशत | ३.३४ | ३.०१ | ३.६५ | ४.४३ |

प्रस्तुत विवरणले नगरपालिकाको आन्तरिक आय आगामी आर्थिक वर्ष २०७९/०८० मा २ करोड ६३ लाख ४८ हजार हुने अनुमान गरिएको छ, जुन कुल आयको ३.०१ प्रतिशत हुन आँउछ । यो रकम सङ्कलन गर्न पनि नगरपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा ठुलै परिवर्तन गर्न आवश्यक देखिन्छ । नगरपालिकाले यसतर्फ निम्न कदम चाल्नु पर्ने देखिन्छ :

- आय सङ्कलनको लागि आवश्यक ऐन तथा कार्यविधिको तयारी
- आर्थिक ऐनमा कर तथा शुल्कका दर निर्धारण वा परिमार्जन तथा जरिवाना निर्धारण
- राजस्व परामर्श समितिको परिचालन
- राजस्व शाखाको क्षमता विकास

# परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन

योजनाले सार्थकता पाउने मुख्य आधार नै योजनाको प्रभावकारी कार्यान्वयन हो । कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य कुराको अतिरिक्त यसको अनुगमनको लागि भरपर्दो विधि र संयन्त्र किटान हुन आवश्यक भए जस्तै राजस्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन सुनिश्चितताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यवस्था गरिनु आवश्यक हुन्छ। राजस्व सुधार कार्ययोजनाको अनुगमनमा मुख्य रुपमा राजस्व शाखा/ महाशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति तथा कार्यपालिकाको भूमिका महत्वपूर्ण हुन्छ ।




चित्र ४: राजस्व चक्र

अनुगमनबाट नगरपालिकाको राजस्व सम्बन्धी नीति र योजनाको उचित रुपमा कार्यान्वयन भए नभएको, राजस्व असुलीको प्रवृत्ति लक्ष्य अनुरूप भए नभएको, राजस्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजस्व कोषमा दाखिला गरे गाँउको आदि कुराहरू नियमित रूपमा अनुगमन गरी अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय, निर्देशन तथा नगरपालिकामा सिफारिश लगायतको कार्यबाट मात्र स्वीकृत आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन

गर्न सहयोग पुग्दछ । प्रस्तुत राजस्व सुधार कार्ययोजना र सो बमोजिम सङ्कलित राजस्व को अनुगमन तथा मूल्याङ्कनका लागि निम्न बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्न उपयुक्त हुने देखिन्छ ।

**तालिका २३: अनुगमन तालिका**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| राजस्व असुली | राजस्व शाखा प्रमुख | दैनिक, मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने |
| राजस्व प्रशासन | प्रमुख प्रशासकीय अधिकृत | मासिक, चौमासिक, र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| राजस्व सुधार योजना | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| समन्वय तथा सहकार्य | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• समन्वय र सहजीकरण गर्ने<br>• मार्गदर्शन तथा निर्देशन दिने |
| राजस्व नीति | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा | चौमासिक र वार्षिक | • चौमासिक तथा वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिश, सुझाव तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |
| राजस्व प्रतिवेदन | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा, लेखापरीक्षक | मासिक, चौमासिक र वार्षिक | • मासिक, चौमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरू सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिश, सुझाब तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |
| समीक्षा | उपप्रमुख | चौमासिक र वार्षिक | • लक्ष्य र उपलब्धि सहित सिकाईको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयार गर्ने |

राजस्वका स्रोत अनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरूको सूची तयार गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ । साथै अनुगमनको प्रतिवेदन तयार गर्ने कार्यलाई अनिवार्य गरिनु पर्दछ ।

# अनुसूचीहरू

# अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | स्रोत |
|---|---|---|
| ▪ नेपालको संविधान | राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९: धारा २२८ देखी २३० सम्म) स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखी २३० सम्म) सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म) | नेपाल कानुन आयोग |
| ▪ स्थानीय तह सञ्चालन ऐन, २०७४ | गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेद: ३) गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र (परिच्छेद: ९) गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेद: १०) | नेपाल कानुन आयोग |
| ▪ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | राजस्वको अधिकार (परिच्छेद: २) राजस्वको बाँडफाँड (परिच्छेद: ३) अनुदानको व्यवस्था (परिच्छेद: ४) वैदेशिक सहायता तथा ऋण ( परिच्छेद: ५) आय व्ययको प्रक्षेपण गर्ने (दफा १८) राजस्व प्रस्ताव तयार गर्ने (दफा १९) वित्तीय अनुशासन (परिच्छेद: ८) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले लगाउन सक्ने कर (अनुसूची १,२ र ३) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ | प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ | स्थानीय तह सञ्चालन ऐनमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी विषयमा भएका गरिएका संशोधनहरू | नेपाल कानुन आयोग |

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | स्रोत |
|---|---|---|
| ▪ नेपाल सरकारको वार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरू | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा भएका वा हुने संशोधित प्रावधानहरू | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ प्रदेश सरकारको वार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरू | स्थानीय तह र प्रदेश सरकार बिच साझा अधिकार सूचीका विषयमा प्रदेश कानुनले गरेका व्यवस्थाहरू | कर्णाली प्रदेश सरकार, आर्थिकक मामिला तथा योजना मन्त्रालय http://moeap.karnali.gov.np |
| ▪ स्थानीय तहको आर्थिक ऐन २०७४/०७५ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ | स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एक रुपताका लागि | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ नेपाल सरकारको आर्थिक ऐन, २०७५ | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठिन कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको वस्तुगत विवरण (प्रोफाईल) | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरूको आधार (Base) बारेको सूचना र तथ्याङ्क | सम्बन्धित स्थानीय तह |
| ▪ स्थानीय तहका विभिन्न आर्थिक वर्षहरूको योजना, बजेट तथा कार्यक्रमहरू | स्थानीय राजस्व र आयको प्रवृत्ति विश्लेषण | सम्बन्धित स्थानीय तह |

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | स्रोत |
|---|---|---|
| ▪ सङ्घ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू | स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागि कानुनी र नीतिगत व्यवस्था | नेपाल सरकार, अर्थ मन्त्रालय<br>नेपाल कानुन आयोग<br>नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका सम्बन्धित निकायहरू |
| ▪ अन्य स्थानीय तहले विगतमा तर्जुमा गरेका कार्ययोजनाहरू | सन्दर्भ सामग्रीको रुपमा | अन्य स्थानीय तहहरू |
| ▪ अध्ययन क्षेत्रमा रहेका क्लष्टर अन्तर्गतका स्थानीय तहसंग आधारित विभिन्न आर्थिक वर्षहरूको नगरपालिका विकास योजना, नगरपालिकाका विकास योजना बजेट तथा कार्यक्रमहरू | | सम्बन्धित स्थानीय तह |
| ▪ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू | | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ अन्य दस्तावेजहरू | सन्दर्भ सामग्रीको रुपमा | विभिन्न निकायहरू |

# अनुसूची २: अभिमूखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र

बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागचौर,सल्यान
कर्णाली प्रदेश,नेपाल

पत्र संख्या :-२०७८/०७९
चलानी नम्बर ९३५१

श्री प्रदेश सुशासन केन्द्र
सुर्खेत, कर्णाली प्रदेश।

मिति : २०७९/०३/१०

विषय : काम सम्पन्न सम्बन्धमा।

प्रस्तुत विषयमा बागचौर नगरपालिकाको सहजीकरण र श्री प्रदेश सुशासन केन्द्र सुर्खेत, कर्णाली प्रदेशको सहयोगमा राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी कार्य सम्पन्न भएको र कार्ययोजनाको प्रतिवेदन प्राप्त भएको जानकारी गराउदछौं।

०६३।२।१०

(रामबहादुर हमाल)
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध नगर निर्माणको लागि नगरवासीको सहभागिता ! आर्थिक तथा पुर्वाधार विकास सुशासन हाम्रो प्रतिबद्धता !

वेबसाईट: - bagchaurmun.gov.np ईमेल: - ito.bagchaurmun@gmail.com/ info@bagchaurmun.gov.np

# अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सुची तथा कार्य सम्पन्न पत्र

आजमिति २०७९ साल असार महिना १० गतेका दिन प्रदेश सुशासन केन्द्र सुर्खेतको सहयोग तथा क्युब-पाथवे-भूगोल जेभीको सहजीकरण र बागचौर नगरपालिका आयोजनामा यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना २०७८/०७९ को अभिमुखिकरण कार्यशाला तथा अन्तिम प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रम यस नगर प्रमुख श्री जनकराज गौतम ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा सम्पन्नगरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ०१ | जनकराज गौतम | नगर प्रमुख | [signature] |
| ०२ | रामबहादुर हमाल | प्रमुख प्र. अधिकृत | [signature] |
| ०३ | [illegible] | [illegible] | |
| ०४ | पूर्णबहादुर शर्मा | योजना अधिकृत | |
| ०५ | [illegible] | कार्यपालिका [illegible] | |
| ०६ | प्राणराम [illegible] | | |
| ०७ | हेमन्त [illegible] | | [signature] |
| ०८ | बसन्त लामिछाने | [illegible] | [signature] |
| ०९ | [illegible] | का.पा. [illegible] | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रस्तुतिकरण पश्चात सोही भेलाले तपसिलबमोजिमका निर्णय समेत गरियो ।

प्रस्तावहरू:

१. बागचौर नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धमा ।

२. बागचौर नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिमप्रतिवेदनकार्यपालिकाबाट अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णयहरू

निर्णय नं. १: बागचौर नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धमा प्रस्तुतीकरण तथा छलफल गरियो साथै राजस्व सुधारकार्ययोजनाको अन्तिम मस्यौदा संशोधन सहितप्राप्त गर्ने निर्णय गरियो । राजस्व सुधार कार्ययोजनातर्जुमाकालागीआर्थिक सहयोग गर्ने प्रदेश सुशासन केन्द्र, सुर्खेत तथा प्राविधिक सहयोग गर्ने क्युब-पाथवे-भूगोल जेभी तथा विज्ञहरूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.२: बागचौर नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन बागचौर नगरपालिकाको कार्यपालिकाबाट पारित गराउने निर्णय समेत गरियो ।

बागचौर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**बागचौर,सल्यान**

**कर्णाली प्रदेश,नेपाल**

**पत्र संख्या** :-२०७८/०७९
चलानी नम्वर ९३५१

श्री प्रदेश सुशासन केन्द्र
सुर्खेत, कर्णाली प्रदेश ।

मिति : २०७९/०३/१०

**विषय : काम सम्पन्न सम्बन्धमा ।**

प्रस्तुत विषयमा बागचौर नगरपालिकाको सहजीकरण र श्री प्रदेश सुशासन केन्द्र सुर्खेत, कर्णाली प्रदेशको सहयोगमा राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी कार्य सम्पन्न भएको र कार्ययोजनाको प्रतिवेदन प्राप्त भएको जानकारी गराउदछौं ।

०६३।२।१०

.................

(रामबहादुर हमाल)
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध नगर निर्माणको लागि नगरबासीको सहभागिता ! आर्थिक तथा पुर्वाधार विकास सुशासन हाम्रो प्रतिबद्धता !!

वेबसाईट: - bagchaurmun.gov.np ईमेल: - ito.bagchaurmun@gmail.com/ info@bagchaurmun.gov.np

# अनुसूची ४: कार्यक्रमको फोटोहरु

